# प्रभाव दैनिक
National Daily



**क्यान्सर रोग लाग्नबाट बच्ने उपाय**

- मदिरा, धुम्रपान तथा सूर्तिजन्य वस्तु सेवन नगरौं,
- खानपानमा ध्यान पुऱ्याऔं,
- पर्याप्त व्यायाम गर्ने गरौं,
- सक्रिय जीवनशैली अपनाऔं,
- बोसोयुक्त मासु नखाऔं,
- तारेको, भुटेको, पोलको खाना नखाऔं,
- गालेका तथा पुराना अचार कम खाऔं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,
- सरसफाई विशेष ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष १० अंक २५७ काठमाडौं मंगलबार, २ माघ २०८० Prabhab National Daily Tuesday, January 16, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।–


# गठबन्धनमा सिकेको 'घुर्की'

■ **जेबी योञ्जन**



- सत्ता गठबन्धनमा बसेर गठबन्धनकै निर्णयविरूद्धमा सिके राउत
- सरकारको बजेट, उपराष्ट्रपति चुनाव र राष्ट्रिय सभा चुनावमा गठबन्धनको कदम विरोधी
- सिकेमा राजनीतिक सौदावाजीको चाहना

**काठमाडौं–** 'स्वतन्त्र मधेस'को एजेण्डा अघि सार्दै राजनीतिमा आएका डा. चन्द्रकान्त (सिके) राउत नेतृत्वको दल जनमत पार्टी हाल सत्ता गठबन्धनमा छ । गठबन्धनले राष्ट्रिय सभा चुनावमा उम्मेदवार बनेका १९ जनालाई जिताउन आग्रह गरेको छ । चुनाव जिताउन अभियान नै सञ्चालन गर्ने गठबन्धन दलहरूको निर्णय छ । जनमत अध्यक्ष राउत भने गठबन्धनकै निर्णयविपरीत उभिएका छन् । गठबन्धनको बैठकमासमेत उनी उपस्थित हुन छाडेका छन् ।

आइतबार प्रधानमन्त्रीको सरकारीनिवास बालुवाटारमा बसेको गठबन्धनको बैठकमा उनी गएनन् । उनले पत्रकारहरूसँग भने बैठकमा गठबन्धनका नेताहरूबाट निम्ता नआएको जवाफ दिने गरेका छन् । तर, गठबन्धनकै उम्मेदवारहरूविरुद्ध मधेस प्रदेशमा उनको दलबाट उम्मेदवार खडा छ। लुम्बिनी प्रदेशमा पनि उम्मेदवार बनाएको छ ।

यसलाई लिएर गठबन्धन दलका नेताहरू राउतसँग असन्तुष्ट छन्। २७ पुसमा उम्मेदवारी फिर्ताको समय हुँदासमेत फिर्ता गराएनन् । राउतको यो कदमप्रति गठबन्धन दलका नेताहरू आक्रोशितसमेत बनेका छन् । गठबन्धनका दलहरू नेपाली कांग्रेस र माओवादी केन्द्रका नेताहरूले राउतलाई सम्पर्क गरेर मधेस र लुम्बिनीमा उम्मेदवारी फिर्ता गर्न आग्रह गरेका थिए । तर, राउतले उम्मेदवारी फिर्ता गराउन मानेनन् । गठबन्धनका नेताहरूको दबाबलाई बेवास्ता गरे । यसले गर्दा सिके गठबन्धनमा रहने तर गठबन्धनकै निर्णय नमान्ने नेता भएका छन् ।

उनी यसअघि पनि गठबन्धनकै निर्णयविरुद्ध बारबार उभिएका थिए । सरकारले निषेधित क्षेत्र घोषणा गरेको माइतीघर मण्डल पुगेर प्रदर्शन गरे । यो गत १५ पुसको प्रसंग हो । जहाँबाट उनीसहित सामान्य प्रशासनमन्त्री अनितादेवीसमेत पक्राउ परिन् । यो पनि राउत गठबन्धन सरकारको काम कारबाहीको विरुद्धमा उभिएको तथ्य हो ।

यी त भए केही प्रतिनिधिमूलक घटना । उनले गत वर्षको २७ फागुन २०७९ मा १० दलीय गठबन्धनको निर्णयविपरीत आफ्नो पार्टीबाट ममता झालाई उपराष्ट्रपतिको उम्मेदवार बनाए । १० फागुनमा बनेको नयाँ गठबन्धनका दलहरूबीच भएको सहमतिमा उपराष्ट्रपति जसपाको भागमा परेको थियो । गठबन्धनमा रहेको जनमत पार्टीले गठबन्धनकै सहमतिविपरीत उपराष्ट्रपतिमा उम्मेदवार बनायो । त्यसमा पनि झा २०७९ को वैशाखको स्थानीय चुनावमा राजविराज नगरपालिकाको मेयरमा उम्मेदवार थिइन् । त्यतिमात्र होइन, झा आर्थिक विषयमा निकै विवादित नाम हो ।

गठबन्धनमा बस्ने निर्णय भने अस्वीकार गर्ने राउतको पहिलो प्रयास थियो । जसपाले बारा-२ बाट निर्वाचित सांसद रामसहाय यादवलाई गठबन्धनको तर्फबाट उपराष्ट्रपतिको उम्मेदवार बनाउँदा त्यसबेला राउतले गठबन्धनकै अर्को दल नागरिक उन्मुक्ति पार्टीलाई पनि साथमा लिए । अनि, लोसपालाई साथमा लिने प्रयास गरे । त्यति नै बेला तीन दलबीच अस्वाभाविक रूपमा मोर्चाबन्दीको सहमति भयो । अर्थात्, गठबन्धनमा रहेर पनि गठबन्धनमै भएको निर्णयको विरुद्धमा उभिएका राउतले नागरिक उन्मुक्ति र लोसपालाई साथमा लिएका थिए ।

फागुनमा उपराष्ट्रपति चुनाव सकिएको दुई महिनापछि बारा-२ मा उपचुनाव हुने भयो । राउत १० वैशाख २०८० मा बारा-२ मा फेरि गठबन्धनलाई भाँजो हाल्न पुगे । गठबन्धनले त्यहाँ जसपाका उम्मेदवारलाई समर्थन गर्ने निर्णय लियो। बारा-२ मा पहिला जसपाकै उम्मेदवार निर्वाचित भएको र संसद्मा जसपा अध्यक्ष उपेन्द्र यादवलाई ल्याउने मनसायका कारण गठबन्धनले जसपाका लागि छोड्ने सहमति जनायो ।

(क्रमशः पृष्ठ २ मा)

# प्रधानमन्त्रीको उद्घाटन मोह

**।एकैदिन चार कार्यक्रमको उद्घाटन** **।तार्गेट पूरा नगर्ने मन्त्री हेरफेरको चेतावनी**





**प्रधानमन्त्री पुष्पकमल दाहाल सोमबार बिहान सिंहदरबारमा मेलम्ची खानेपानीको पुनः वितरण उद्घाटन गर्दै (बाँया) र दिउँसो टुँडिखेलमा मगर समुदायको सांस्कृतिक महोत्सव उद्घाटन गर्दै ।** *तस्बिरः मनिष राई/प्रभाव*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** कार्यशैली परिवर्तनको वाचा कसेका प्रधानमन्त्री पुष्पकमल दाहालले एकै दिन चारवटा कार्यक्रम उद्घाटन गरेका छन् । माघे संक्रान्तिको अवसर पारेर बिहानै दाहालले मेलम्चीको पानी वितरणको उद्घाटन गरेका थिए । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा 'डमी धारा' राखेर दाहालले खानेपानी वितरण थालनी गरेका हुन् ।

यसअघि पनि पटक-पटक उद्घाटन गरेरै पानी वितरण भएकोले यो विषयमा प्रधानमन्त्री दाहालको चौतर्फी आलोचना जारी छ । काठमाडौंका मेयर बालेन्द्र साहले समेत 'हामीसँग भएको एउटा मन कति पल्ट जित्नुहुन्छ दाहाल सरकार, एउटै परियोजना बारम्बार उद्घाटनको विश्वकीर्तिमान कायम गरेर,' भनी व्यङ्ग्य कसेका छन् । पहिल्यै उद्घाटन भएको थाह पाउँदापाउँदै प्रधानमन्त्री दाहालले सिंहदरबारमा तामझामका साथ कार्यक्रमसमेत गरे ।

कार्यक्रममा दाहालले १२ महिनै पानी आउने व्यवस्था मिलाउने दाबी पेश गरे । 'खानेपानी मन्त्रालय तथा मेलम्ची खानेपानी विकास समितिको प्रयासमा यस वर्ष खानेपानी पथान्तरण कार्य सम्पन्न भई पुनः वितरण शुभारम्भ कार्यक्रममा हामी सरिक भइरहेका छौं। आयोजनालाई दीगो रूपमा सञ्चालन गर्ने विषय नेपाल सरकारले प्राथमिकतामा राखेको छ,' प्रधानमन्त्री दाहालले भने, 'दीर्घकालिन समस्या समाधानका लागि विस्तृत अध्ययन तथा ठोस कार्ययोजना बनाई आयोजनाको पुनर्निर्माणको कार्य कार्यान्वयन गरिने छ । आयोजनाअन्तर्गत हाल प्रयोग हुँदै आएको वैकल्पिक प्रणालीलाई पनि बाह्रै महिना सञ्चालन गर्नेगरी व्यवस्था मिलाउन सम्बन्धित पदाधिकारीलाई मैले निर्देशनसमेत दिएको छु ।'

त्यसलगत्तै राष्ट्रपति रामचन्द्र पौडेलले माघीका अवसरमा आयोजना गरेको चियापानमा सहभागी हुन शितलनिवास पुगेका थिए दाहाल । उनी केही समय त्यता रहेर अर्घाखाँची उडे । अर्घाखाचीको सन्धिखार्कमा आयोजित अर्घाखाँची पर्यटन प्रवर्द्धन कार्यक्रम उद्घाटन गर्दै दाहालले महोत्सवहरू हुन थाल्नु अर्थतन्त्र सुधारका दृष्टिले शुभसंकेत भएको बताए । 'अघिल्लो वर्ष यस्ता मेला-महोत्सवहरू विरलै हुने गर्दथे । तर, यस वर्ष अभियानकै रूपमा मेला-महोत्सवहरू हुन थालेका छन् । विश्व बैंकलगायतका अन्तर्राष्ट्रिय संघसंस्थाहरूले नेपालको अर्थतन्त्रमा राम्रो सुधार आएको तथा २०२४ मा थप प्रगति हुने प्रक्षेपण गरेका छन् । अर्को वर्ष हामीले राम्रो प्रगति गर्नेछौं,' दाहालले भने ।

कार्यक्रममा दाहालले आफ्नो नेतृत्वमा प्रगति नै प्रगति भएको फेहरिस्त सुनाउन भ्याए । 'एक वर्षको अवधिमा सामाजिक न्याय, सुशासन र समृद्धिको क्षेत्रमा महत्त्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । विदेशमा रहेका र अनौपचारिक क्षेत्रका लागि श्रमिकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गरिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## कहाँ के बोले

**मेलम्ची खानेपानी उद्घाटनः** आयोजनाअन्तर्गत हाल प्रयोग हुँदै आएको वैकल्पिक प्रणालीलाई पनि बाह्रै महिना सञ्चालन गर्ने गरी व्यवस्था मिलाउन सम्बन्धित पदाधिकारीलाई मैले निर्देशनसमेत दिएको छु ।

**अर्घाखाँची पर्यटन महोत्सवः** आजकाल म १० बजे नै सिंहदरबार पुग्छु । सबै मन्त्रालयहरूको ब्रिफिङ लिन्छु । उनीहरूलाई तार्गेट दिन्छु । यो एक महिनाभित्र पूरा भएन भने हेरफेर गर्ने प्रतिबद्धता व्यक्त गरेको छु ।

**मगर संघको कार्यक्रमः** म जति सफल हुनुपर्ने हो, अझै भएको छैन । मैले पूर्वलाई किराँत प्रदेश बनाउनुपर्छ भनेर अन्तिमसम्म प्रयास गरेकै हो । तर दुर्भाग्य हाम्रो पार्टी निर्णय गर्ने हैसियतमा चुनावबाट आउन सकेन । परिणाम तपाईं हामीले भोगिराखेकै छौं ।

**थारू समुदायको माघीः** मैले गणतन्त्रका निम्ति जनक्रान्ति तयारी थाल्दा पहिलो सहयोग गर्ने थारू समुदाय थियो । त्यसकारण थारूको हकहित अधिकारका लागि मेरो काँधमा ठूलो जिम्मेवारी छ । मेरो विवाह हुँदा ससुराली गाउँ थारू बाहुल गाउँ थियो । भावनात्मक रूपमा जोडिएको ठान्छु ।

**सन्दर्भः वैदेशिक रोजगार**

# ६ महिनामा झण्डै १२ सयले लिए टेलिमेडिसिन सेवा

## विभिन्न मुलुकमा गैरकानुनी रूपमा रहेका नेपाली श्रमिकहरु लाभान्वित

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** चालु आर्थिक वर्षको छ महिनामा विभिन्न मुलुकबाट झण्डै १२ सय नेपालीले 'टेलिमेडिसिन' सेवा लिएका छन् । वैदेशिक रोजगार बोर्ड सचिवालयले वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई लक्षित गरी यो सेवा सञ्चालनमा ल्याएको हो । बोर्डका अनुसार गत साउनदेखि पुस १५ गतेसम्म एक हजार १८२ जनाले उक्त सेवा लिएका छन् ।

बोर्ड सचिवालयले रोजगारीका लागि विभिन्न गन्तव्य मुलुकमा पुगेका नेपाली श्रमिकहरूले आफ्नो स्वास्थ्य समस्या समाधानका लागि टेलिमेडिसिन सेवा लिएको उल्लेख गरेको छ । बोर्डले गत वर्ष चैत १५ गतेदेखि विदेशमा रहेका नेपाली कामदारहरूलाई स्वास्थ्य परामर्श प्रदान गर्ने उद्देश्यले वीर अस्पतालसँगको सहकार्यमा टेलिमेडिसिन सेवा सञ्चालनमा ल्याएको थियो ।

पछिल्लो छ महिनाको अवधिमा विभिन्न १७ मुलुकमा रहेका नेपालीले टेलिमेडिसिन सेवा लिएको बोर्ड उल्लेख गरेको छ । जसमा मलेसियाबाट सबैभन्दा बढी ३१८ श्रमिकले आफ्नो स्वास्थ्य समस्यासम्बन्धी परामर्श लिएको पाइएको छ । त्यस्तै साउदी अरेबियाबाट २५१ र संयुक्त अरब इमिरेट्स (युएई)बाट १२९ जना श्रमिक रहेका छन् । त्यसैगरी कतारबाट १२५, कुवेतबाट १०९ र दक्षिण कोरियाबाट १०८ जनाले टेलिमेडिसिन सेवा लिएका छन् ।

त्यसैगरी साइप्रसबाट ३०, रोमानियाबाट २६, ओमानबाट २६, जापानबाट २३, जर्मनीबाट नौ जनाले टेलिमेडिसिन सेवा लिएको बोर्डले जनाएको छ । सेवा लिनेमा बहराइन, माल्दिम्स, जाम्बिया, इराक र माल्टा गएका नेपालीहरू पनि छन् । अफ्रिकाबाटसमेत एक जनाले सेवा लिएको बोर्डले उल्लेख गरेको छ ।

स्वास्थ्यसम्बन्धी समस्या देखिएका अधिकांशले सबैभन्दा बढी मेडिसिन र सर्जरीमा आवश्यक औषधोपचारका लागि परामर्श लिने गरेको टेलिमेडिसिन सेन्टरका मेडिकल अफिसर डा. सञ्जय धरेलले बताए । उनका अनुसार पेट तथा ढाडसम्बन्धी समस्या राख्नेहरू पनि थुप्रै रहेका छन् । समयमा खाना नखाने र 'फुड पोइजन'का कारण पेटसम्बन्धी समस्या देखिएको भन्दै लामो समयसम्म उभिएर काम गर्नेहरूमा ढाडको समस्या रहेको उनले बताए । यीबाहेक नाक, कान, घाँटी, डेण्टल, छाला रोगलगायत विभिन्न खाले समस्याबारे पनि सेवाग्राहीले परामर्श लिइरहेको डा. धरेलले जानकारी दिए ।

त्यस्तै कतिपय श्रमिकमा मानसिक समस्यासमेत देखिएको भन्दै उनीहरूलाई मनोचिकित्सक परामर्श पनि उपलब्ध गराउने काम भइरहेको बोर्डका निर्देशक एवं सूचना अधिकारी टीकाराम ढकालले जानकारी दिए । 'सामान्यमात्र नभई यसबीचमा गम्भीर स्वास्थ्य समस्या देखिएका झण्डै १०० जनालाई विशेषज्ञ परामर्श सेवा दिएका छौं,' उनले भने । स्वास्थ्य परामर्श तथा विशेषज्ञ सेवा लिने कामदारको संख्या आगामी दिन अझै बढ्ने देखिएकाले टेलिमेडिसिन सेवा निरन्तर सञ्चालन हुने ढकालले बताए । उनका अनुसार टेलिमेडिसिन सेवाका लागि दैनिक सरदर २५ देखि ३० जनाले सम्पर्क गर्ने गरेका छन् ।

निर्देशक ढकालले विदेशमा रहेका नेपाली श्रमिकले भाइबर, ह्वाट्सएप वा इमोमार्फत फोन गरी आफ्नो स्वास्थ्य समस्या राख्न सक्ने बताए । 'स्वास्थ्य सेवा लिन उनीहरूले सार्वजनिक बिदाको दिनबाहेक नेपाली समयानुसार विहान १० देखि बेलुका ५ बजेसम्म सम्पर्क गर्न सक्ने छन्,' उनले भने, 'सेवा प्रवाहका लागि खटिएका मेडिकल अधिकृतले फोनमार्फत नै कामदारको स्वास्थ्य समस्या र जिज्ञासा हल गर्ने प्रयास गर्ने छन् ।'

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

### प्रधानमन्त्रीको उद्घाटन...

देशका सबै सरकारी अस्पतालका १० प्रतिशत बेड गरिब, विपन्न र असहाय नागरिकका लागि छुट्याउनुका साथै महिला, ज्येष्ठ नागरिक र बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका नमूना कार्यक्रमहरू लागू गरिएको छ,' उनले भने, 'सुशासनका क्षेत्रमा नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास प्रकरण, अवैध सुन तस्करी प्रकरणलगायतका अनियमितताको छानविन गरी कानुनी कार्वाही अगाडि बढाइएको छ। नागरिकताबिहीन लाखौं नेपालीहरूलाई नागरिकता ऐन ल्याएर नागरिकता प्रदान गरिएको छ। मिटरब्याजलाई कानुनी रूपमै जघन्य अपराधको रूपमा किटानी गरी त्यसबाट पीडित लाखौं नागरिकलाई न्याय दिइएको छ।'

दाहालले यतिमै रोकिएनन्, टाट पल्टिन लागेका सार्वजनिक संस्थानहरू आफ्नै पालामा नाफामा गएको दाबीसमेत उनले गरे। 'पासपोर्ट, लाइसेन्सलगायतका सेवा प्रदायक कार्यालयहरूका लामा-लामा लाइन हटेका छन्। विद्यालयमा पाठ्यपुस्तक र किसानहरूका निम्ति समयमै मल उपलब्ध गराइएको छ। विश्वविद्यालयहरूमा गुणात्मक सुधार ल्याउन खुला प्रतिस्पर्धाको प्रक्रिया सुरू भई न भसकेको छ,' प्रधानमन्त्रीले भने, 'विगतका घाटा ब्यहोरेर टाट पल्टिन लागेका सार्वजनिक संस्थानहरू नाफामा गएका छन्।'

#### मन्त्री हटाउने चेतावनी

आफ्नो कार्यकाल सफल भएको बताउने प्रधानमन्त्री दाहालले मन्त्रीहरूलाई भने तार्गेट दिएर काम गर्न लगाएका र नगरे हेरफेर गर्ने चेतावनी दिए। 'आजकाल म १० बजे नै सिंहदरबार पुग्छु। सबै मन्त्रालयहरूको ब्रिफिङ लिन्छु। उनीहरूलाई तार्गेट दिन्छु। यो एक महिनाभित्र पूरा भएन भने हेरफेर गर्ने प्रतिबद्धता व्यक्त गरेको छु,' दाहालले भने।

आफ्नै कार्यशैलीबाट सरकारलाई अझ सुधारको गतिमा लैजाने दाहालको तर्क थियो। गत पुस १० गते जनताको नाममा सम्बोधन गर्दै काम गर्न नसक्ने मन्त्रीहरूलाई ठाउँ ओगटेर नबस्न भनेका थिए। 'म आज जनतालाई साक्षी राखेर माननीय मन्त्रीहरूलाई पनि भन्न चाहन्छु, हामीलाई असफल हुने छुट छैन। कार्यसम्पादन कमजोर भएको अवस्थामा म कसैलाई माफ गर्नसक्ने अवस्था र मनस्थितिमा छैन,' दाहालले भनेका थिए, 'हामी सबै आ-आफ्नो भूमिकामाथि न्याय गर्नैपर्ने नैतिक दबाबमा छौं। कार्यक्षमता प्रमाणित गर्न सकेनौं भने कसैले पनि अब ठाउँ ओगटिरहनु हुँदैन, छाडिदिनुपर्छ।'

दाहालले कार्यसम्पादनमा अब्बल नभए आफूले पनि पद ओगटिरहन नमिल्ने बतएका थिए। आफ्नो पालामा भएका प्रगतिका विवरणको फेहरिस्त सुनाएका दाहाल आफैं भने उद्घाटन र सम्बोधनका कार्यक्रममा सवारी हुनेबाहेक कार्यसम्पादनमा असफल देखिन्छन्।

#### 'म जति सफल हुनुपर्ने हो, अझै भएको छैन'

अर्घाखाँचीबाट फर्केलगत्तै दाहाल प्रधानमन्त्री दाहाल पुगे टुँडिखेल। नेपाल मगर संघले सोमबार माघी पर्वको अवसर पारेर टुँडिखेलमा माघी महोत्सवको आयोजना गरेको थियो।

प्रधानमन्त्री दाहालले पूर्वी नेपाललाई किराँत प्रदेश बनाउने आफ्नो लक्ष्य पनि निर्वाचनमा पार्टीको हैसियत कमजोर हुँदा पूरा हुन नसकेको बताए। उनले नेपालका प्रथम सहिद लखन थापालाई राष्ट्रिय विभूति बनाउने मागप्रति आफू सहमत रहेको उल्लेख गर्दै त्यसमा पहल गर्ने प्रतिबद्धता समेत व्यक्त गरे।

देशभक्तिको पक्षमा, जनताको परिवर्तनको पक्षमा, निरंकुशताका विरुद्ध लोकतन्त्रको पक्षमा बलिदान गर्ने सम्पूर्ण सहिदहरूप्रति उच्च सम्मान हुनुका साथै नेपालको क्रान्तिकारी आन्दोलन र राजनीतिक योद्धाहरूको पनि सम्मान हुने भएकाले पनि नेपालका प्रथम सहिद लखन थापालाई राष्ट्रिय विभूति घोषणा गर्ने कुरामा आफूले पहल गरिरहेको प्रधानमन्त्रीको भनाइ थियो।

आफू सफल प्रधानमन्त्रीको रूपमा सन्धिखर्कमा प्रस्तुत गरेका दाहालले यहाँ भने भनेजति सफल हुन नसकेको तर्क गरे। 'म जति सफल हुनुपर्ने हो, अझै भएको छैन। यो कुरा साँचो हो। मैले पूर्वलाई किराँत प्रदेश बनाउनु पर्छ भनेर अन्तिमसम्म प्रयास गरेकै हो। मैले निर्वाचनको क्रममा पनि किराँत भनेको एउटा जातिको मात्रै कुरा होइन,' दाहालले भने, 'एउटा इतिहास, सभ्यता र संस्कृतिको कुरा हो भनेकै थिए। तर दुर्भाग्य हाम्रो पार्टी निर्णय गर्नै हैसियतमा चुनावबाट आउन सकेन। परिणाम तपाई हामीले भोगिराखेकै छौं।'

#### 'प्राप्त अधिकार रक्षा र सुदृढ गरेर अगाडि बढौं'

टुँडिखेलमै थारुहरूले माघी महोत्सव आयोजना गरिएको थियो। प्रधानमन्त्री दाहाल मगरको माघीबाट थारुको माघीमा पुगे। उक्त कार्यक्रममा उनले आफूले थालेको युद्धमा पहिलो सहयोग थारुले गरेको दाबी गरे।

'मैले जतिबेला गणतन्त्रका निम्ति जनक्रान्ति तयारी थाल्दा पहिलो सहयोग गर्ने थारु समुदाय थियो। त्यसकारण थारुको हकहित अधिकारका लागि मेरो काँधमा ठूलो जिम्मेवारी छ,' दाहालले भने। उनले आफ्नो ससुरालीसमेत थारु बाहुल गाउँ भएकोले कुनै न कुनै रूपले भावनात्मक रूपमा जोडिएको बताए। उनले नेपालको संविधानले पहिचान र अधिकारका क्षेत्रमा धेरै अधिकारहरू संस्थागत गरेकाले प्राप्त अधिकारको रक्षा गर्दै थप अधिकारका निम्ति रचनात्मक भूमिका खेल्नुपर्ने बताए।

प्रधानमन्त्री दाहालले वर्तमान संविधान राजनीतिक सन्तुलन र सहमतिको दस्तावेज भएको कुरामा जोड दिँदै अधिकारको रक्षा र सुदृढ नगर्दा वर्तमानका उपलब्धिहरूसमेत गुम्नसक्नेतर्फ सचेत रहन आग्रह गरे।

●●●

### गठबन्धनमा सिकेको...

तर, राउतले भने गठबन्धनको निर्णयविपरीत माओवादी नेता शिवचन्द्र कुशवाहलाई पार्टीमा भित्र्याएर उपेन्द्र यादवविरुद्ध चुनावमा उठाए।

उक्त दलका महासचिव चन्दन सिंह गठबन्धनका हरेक कदमलाई स्वीकार्न नसक्ने बताउँछन्। केहीमा अघोषित 'नोट अफ डिसेन्ट' स्वाभाविक रूपमा रहने उनले बताए। 'गठबन्धनले जे-जे निर्णय गर्छ। त्यो सबैमा हामीले समर्थन गर्नुपर्ने भन्ने छैन,' उनले प्रभावसँग भने।

राउत यतिबेला गठबन्धनमा रहने तर सत्तामा भाग पाउने खेलमा लागेका छन्। यसलाई गठबन्धन दलहरूका नेताहरू ठीक मानिरहेका छैनन्।

यसअघि चालु आर्थिक वर्षको बजेट संसद्बाट पारित गर्ने बेलामा विपक्षमा मतदान गर्ने निर्णयमा सिके पुगेका थिए। जतिबेला प्रधानमन्त्री पुष्पकमल दाहालले जनमतको चाहनाअनुसारको मन्त्रालय नदिएका कारण जनमतबाट मन्त्री भएका अब्दुल खानले छोडिसकेका थिए तर सरकारलाई दिएको समर्थन फिर्ता भएको थिएन। त्यही झोकमा हुन सक्छ जनमतले बजेटको विपक्षमा मतदान गर्ने निर्णय लियो।

यसको डेढ महिनापछि जनमतले २९ साउन २०८० मा मन्त्री बनाउन सिफारिस गऱ्यो। अहिले अनितादेवी सामान्य प्रशासनमन्त्री छिन्। उनी १५ महिनाअघिको स्थानीय चुनावमा जनकपुर उपमहानगरपालिकाको मेयरमा पराजित हुन्। उपराष्ट्रपतिमा राजविराज नगरपालिकामा पराजित ममतालाई अघि सारेका राउतले मन्त्री बनाउन भने जनकपुर उपमहानगरमा पराजितलाई रोज्यो। तिनै पराजित अनितादेवीलाई राउतले समानुपातिक सांसद भने बनाएका थिए।

यसरी सत्ता गठबन्धनमा रहेको दलका नेता राउत सरकारको चर्को आलोचनासमेत गर्छन्। तर, गठबन्धन दल माओवादीका एक नेताहरूका अनुसार आलोचना गरेर राउत राजनीतिक सौदावाजी गर्छ। संवैधानिक नियुक्तिहरूमासमेत यो दलले भागबण्डा खोज्न थालेको छ।

●●●

### ६ महिनामा झण्डै...

मेडिकल अधिकृतले समाधान गर्न नसक्ने स्वास्थ्य समस्या भएमा रोगका लक्षणअनुसार बिरामीलाई विशेषज्ञ डक्टरबाटै समस्या समाधानका लागि परामर्श दिइने बताइएको छ। जटिल स्वास्थ्य समस्या भएका बिरामीले प्रत्येक हप्ता आइतबार र शुक्रबार विशेषज्ञ सेवा लिन सक्ने बोर्डले जनाएको छ।

यस्तै टेलिमेडिसिन सेवाका कारण विदेशमा गैरकानुनी रूपमा रहेका नेपाली श्रमिकहरू बढी लाभान्वित भएको बताइएको छ। रोजगारीका क्रममा विभिन्न कारणले गैरकानुनी रूपमा गन्तव्य मुलुकमा नै बस्न बाध्य भएका श्रमिकले आफ्नो स्वास्थ्य समस्या हल गर्न तथा उपचारका लागि परामर्श लिन टेलिमेडिसिन भरपर्दो माध्यम भएको बोर्डले जनाएको छ।

# भूकम्प सुरक्षा दिवस मनाइँदै

**काठमाडौं–** आज माघ २ गते २६औं भूकम्प सुरक्षा दिवस मनाइँदै छ। वि.सं. १९९० को विनासकारी भूकम्पबाट पाठ सिकेर सुरक्षित आवास निर्माण र सम्भावित भूकम्पीय जोखिम न्यूनीकरणबारे समाजिक सचेतना अभिवृद्धि गर्ने उद्देश्यका साथ हरेक वर्ष भूकम्प सुरक्षा दिवस मनाइँदै आएको छ।

भूकम्पले क्षति पुऱ्याएका संरचनाको पुनर्निर्माण र भूकम्पको जोखिम न्यूनीकरणका लागि सरकार, सरोकारवाला निकाय र संघसंस्थाले दिवसलाई जागरण फैलाउने लक्ष्यका साथ विभिन्न कार्यक्रम गर्दै आएका छन्। यसै सन्दर्भमा 'स्थानीय स्रोत र प्रविधिसमेतको प्रयोग गरौं, भूकम्प थेग्ने संरचना बनाऔं' भन्ने मूल नाराका साथ २६औं भूकम्प सुरक्षा दिवस-२०८० विभिन्न कार्यक्रमको आयोजना गरी मनाइँदै छ।

संघीय राजधानी काठमाडौंसहित देशका विभिन्न स्थानमा भूकम्पीय जोखिम न्यूनीकरण र सुरक्षित आवास निर्माणबारे आमनागरिकलाई सचेतना अभिवृद्धि गर्ने उद्देश्यले सरकारले हरेक वर्ष भूकम्प सुरक्षा दिवस मनाउँदै आएको हो। भूकम्प सुरक्षा दिवस मूल समारोहको कार्यक्रम आज मंगलबार चन्द्रागिरि नगरपालिकामा हुँदै छ। प्रधानमन्त्री पुष्पकमल दाहालको उपस्थिति रहने भूकम्प दिवसको औपचारिक समारोह गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आयोजना गर्दै छ।

प्राधिकरणका उपसचिव एवं प्रवक्ता ध्रुव बहादुर खड्काका अनुसार भूकम्पबाट कसरी सुरक्षित रहने र संरचना कसरी सुरक्षित बनाउनेभन्नेबारे प्रदर्शनी गरिने छ। सोमबारदेखि नै तीन दिनसम्म राष्ट्रिय गोष्ठी आयोजना हुने उनले बताए। दिवसको सन्दर्भमा यही पुस २८ देखि माघ १५ सम्म सरकारी निकाय, संघसंस्थाहरूसँगको समन्वयमा विभिन्न कार्यक्रम निर्धारित रहेको प्रवक्ता खड्काले जानकारी दिए।

दिवसलाई भव्य रूपमा सफल बनाउन गृहमन्त्रीको अध्यक्षतामा मूल समारोह समिति गठन गरिएको छ। उपत्यकाका तीन स्थान काठमाडौंको चन्द्रागिरि, ललितपुर र भक्तपुरमा मुख्य समारोह आयोजना हुने छ। वि.सं. १९९० माघ २ गते गएको विनासकारी भूकम्पको सम्झनामा २०५५ सालदेखि हरेक वर्ष भूकम्प सुरक्षा दिवस मनाइँदै आएको छ। उक्त दिन दिउँसो २:२४ बजे गएको ८.४ म्याग्निच्युडको भूकम्पले जनधनको ठूलो क्षति पुऱ्याएको थियो।

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका वरिष्ठ भूकम्पविद लोकविजय अधिकारीका अनुसार वि.सं. १९९० को भूकम्पमा परी आठ हजार ५१९ जनाको मृत्यु भएको थियो। असी हजार घर ध्वस्त भएका थिए। ध्वस्तघरसहित घर, विद्यालय, देवालय र पार्टीपौवा तथा सार्वजनिक भवनसमेत गरी दुई लाख सात हजार २४८ संरचना भत्किएको थियो। यसैगरी २०७२ बैशाख १२ गतेको गोरखा भूकम्पमा परी आठ हजार ६७० जनाको निधन भएको थियो भने सातलाखभन्दा बढी आवासमा क्षति पुगेको थियो।

वरिष्ठ भूकम्पविद अधिकारीले विगतका भूकम्पबाट पाठ सिकेर भूकम्पीय जोखिमबाट बच्न सुरक्षित संरचना निर्माणमा पूर्वतयारी र आवश्यक सचेतना अभिवृद्धि गर्न जरुरी रहेको उल्लेख गरे। उनले भने, 'पछिल्लो जाजरकोट, बझाङ र डोटीको भूकम्पदेखि विगतको ९० सालको भूकम्पबाट पाठ सिकेर अहिलेसम्म तयारी राम्रो पुगेको छैन भन्ने कुरा हाम्रो वर्तमान पूर्वतयारीको अवस्थाले देखाउँछ।' *रासस*

## 'गोला ढुंगा र काँचो माटोबाट घर बनाउन प्रोत्साहन नगरौं'

**काठमाडौं (प्रस)–** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गोला ढुंगा र काँचो माटोबाट बनेका घर निर्माण गर्न प्रोत्साहन नगर्न अनुरोध गरेको छ। गोला ढुंगा र काँचो माटोबाट बनेका घर भूकम्पबाट अति जोखिममा रहने भएकाले यस्ता घर निर्माणमा कसैलाई पनि प्रोत्साहन नगर्न अनुरोध गरेको हो।

जाजरकोट भूकम्पमा परेर क्षति भएका घरहरू यस्तै ढुंगा र काँचो माटोबाट बनेका धेरै रहेको बताउँदै प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले यसतर्फ सर्वसाधारण पनि आफैं सचेत हुनुपर्नेमा जोड दिए। उनले सरोकारवाला निकाय तथा स्थानीय तहले यस्ता घर निर्माणमा प्रोत्साहन गर्न नहुने बताए।

पोखरेलले कर्णाली प्रदेशमा यस्ता काँचो माटो र डल्लो ढुंगाबाट बनेका घरहरू करिब ८० प्रतिशत रहेको जानकारी गराउँदै अब गोला ढुंगाबाट घर नबनाउन अनुरोध गरे। 'स्थानीय स्रोत साधनबाट पनि राम्रा र बलिया घरहरू बन्छन्। भूकम्प प्रतिरोधी घर निर्माणका लागि आवश्यक ज्ञान सीप दिन जरुरी छ,' उनले भने, 'घर कसरी बलियो र भूकम्पप्रतिरोधी बनाउन सकिन्छ भन्ने ज्ञानको अभाव देखिएको छ। जसले चुनौती खडा गरिरहेको छ, अब पालिकालाई त्यो सीप र ज्ञान प्रदान गरेर नागरिकसम्म पुऱ्याउनुपर्छ।'

प्रमुख कार्यकारी अधिकृत पोखरेलले प्राधिकरणले अब गोला ढुंगाबाट घर बनाउने चलनलाई अन्त्यका लागि योजना बनाएर अघि बढ्ने बताए। उनले विपद् व्यवस्थापनको प्रमुख जिम्मा स्थानीय तहको बढी हुने भएकाले पालिकाले यस विषयमा बढी ध्यान दिनुपर्नेमा जोड दिए।

तीनै तहका सरकारसँगको समन्वयमा मात्रै विपद् व्यवस्थापनका काम प्रभावकारी गर्न सकिने प्राधिकरणको भनाइ छ। 'जाजरकोट बारेकोटमा हेर्दा खानीका ढुंगा प्रयोग भएको पाइएको छ। जहाँ खानीका ढुंगा प्रयोग भएका छन्, त्यहाँ क्षति कम भएको देखिन्छ। जहाँ गोला ढुंगा प्रयोग भएका छन् त्यहाँ क्षति बढी भएको छ,' पोखरेलले भने। भूकम्पप्रतिरोधी घर निर्माणमा सर्वसाधारणलाई प्रोत्साहन गर्न प्राधिकरणले योजना बनाइरहेको उनले जानकारी दिए।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८०/०९/११ गते का.जि. गोकर्णेश्वर ४, मनकामना फुटसल नजिकै पार्किङ गरिराखेको अवस्थामा 220 F ABS Pulsar कालो, रातो रंगको मोटरसाइकल दिनको अन्दाजी २:३० बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला।

धनीको नाम : प्रविन लामा
बाइक नं.: बा.प्र.०२-०४६ प ८१३७
च्यासिस नं.: MD2A13EX3NCM84481
इन्जिन नं. : DKXCNM38821
ठेगानाः बाह्रबिसे-०३, धार्पा, सिन्धुपाल्चोक
सम्पर्कः ९८५१३५५७०७

**मलेशियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TANGKAK BEEF

पूर्व स्वीकृति मिति २०८०/१०/०१ LT. No. 297947 चलानी नं.६०२१२९९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 5 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ९ गते (23rd Jan. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Himalayan Human Resources Nepal Pvt. Ltd.

श्रम ईजाजत नं. ४५१/०६०/०६१

Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

माघ २ गते २०८०, मंगलबार

| | |
|---|---|
| मेष | धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। |
| वृष | प्रेममा मनमुटावका साथै मन कमजोर रहला। |
| मिथुन | आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन्। |
| कर्कट | रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ। |
| सिंह | प्राविधिक र स्वास्थ्य विषयमा बढी सफलता मिल्नेछ। |
| कन्या | नजिकको व्यक्तिबाट सहयोग पाइनेछ। |
| तुला | अरूको मुख नताकी सही निर्णय लिन सके प्राप्त होला। |
| वृश्चिक | नयाँ कार्यको योजना बन्ने र शुभ कार्यको चर्चा हुनेछ। |
| धनु | स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ। |
| मकर | दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला। |
| कुम्भ | प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेको छ। |
| मीन | स्वास्थ्य क्षेत्र निर्बल रहने भएकाले सजगता अपनाउनु होला। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

माघ २ गते, २०८०, १६ जनवरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.६९ | १३३.२९ |
| युरो | १ को | १४५.०९ | १४५.७५ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.७४ | १६९.५० |
| स्विस फ्रैन्क | १ को | १५५.९६ | १५६.६६ |
| अस्ट्रेलियन डलर | १ को | ८८.८१ | ८९.२१ |
| क्यानाडियन डलर | १ को | ९९.२३ | ९९.६८ |
| सिंगापुर डलर | १ को | ९९.७२ | १००.१७ |
| जापानी येन | १० को | ९.२१ | ९.२५ |
| चिनियाँ युआन | १ को | १८.५२ | १८.६० |
| साउदी अरब रियाल | १ को | ३५.३८ | ३५.५४ |
| कतारी रियाल | १ को | ३६.४० | ३६.५६ |
| थाई भाट | १ को | ३.७९ | ३.८१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१३ | ३६.२९ |
| मलेसियन रिङ्गेट | १ को | २८.५८ | २८.७० |
| दक्षिण कोरियन वन | १०० को | १०.०५ | १०.१० |
| स्विडिस क्रोनर | १ को | १२.९४ | १३.०० |
| डेनिस क्रोनर | १ को | १९.४५ | १९.५४ |
| हङकङ डलर | १ को | १६.९८ | १७.०६ |
| कुवेती दिनार | १ को | ४३१.६८ | ४३३.६३ |
| बहराइन दिनार | १ को | ३५१.९५ | ३५३.५४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचदा।यचन।लउ मा उपलब्ध हुनेछ।

# तस्बिरमा माघी/माघे संक्रान्ति



















१) इलामको माई र जोगमाई खोलाको संगमस्थल माईबेनी दोभानमा सोमबार माघे संक्रान्तिको अवसरमा लागेको माईबेनी मेलामा सर्वसाधारणको भीड ।
२) माघी पर्वको अवसरमा सोमबार नवलपरासी (बर्दघाट सुस्तापूर्व)को कावासोती नगरपालिका-१० मा सञ्चालन गरिएको नवलपुर खिचरी उत्सव तथा फुडफेस्टिवलमा आफ्नो समुदायको खानाको परिकार बेच्दै थारू महिला ।
३) माघे संक्रान्ति पर्वको अवसरमा नेपाल मगर संघ व्यास नगर तनहुँले सोमबार दमौलीमा आयोजना गरेको मेलामा कौरा नृत्य प्रस्तुत गर्दै मगर विद्यार्थी संघका छात्राहरु ।
४) शुक्लाफाँटा नगरपालिका-३ जोनापुरका थारू समुदायका महिला सोमबार मघौटा नृत्य प्रस्तुत गर्दै । थारू समुदायमा माघी पर्वका अवसरमा घर घरमा पुगेर मघौटा नृत्य देखाउने चलन रहेको छ ।
५) काठमाडौंको टुँडिखेलमा मगर समुदायले आयोजना गरेको मकर संक्रान्ति विशेष कार्यक्रमको उद्घाटन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल ।
६) काठमाडौंको टुँडिखेलमा आयोजित माघी महोत्सवमा मौलिक परिकार पकाउँदै थारू महिला ।

*तस्बिरहरू: मनिष राई/प्रभाव र रासस*

## Budhinanda Municipality
## Office Of The Municipal Executive
Kolti, Bajura
Sudurpashchim Province, Nepal

## Invitation for Bids

Invitation for Bids for the **Janaprakash Building Construction**
Contract Identification No: BM/NCB/WORK/04/080/81
**Date of publication: 2080/10/02 (16 Jan.2024)**

1. Budhinanda Municipality **has allocated funds** towards the **Janaprakash Building Construction** and intends to apply part of the funds to cover eligible payments under the Contract **for Janaprakash Building Construction BM/NCB/WORK/04/080/81.** Bidding is open to all eligible as per Section V of bidding document..
2. **Office Of Budhinanda Municipal Executive** invites electronic bids from eligible bidders for the construction of **Janaprakash Building Construction** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NRs. 4,50,00,000.00**
   - Minimum Work experience of similar size and nature: **1(one) & NRs. 1,15,00,000.00**
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Budhinanda Municipality Kolti, Bajura, ito.budhinanda@gmail.com** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. A complete set of Bidding Documents may be Downloaded from the PPMO e-GP system ***www.bolpatra.gov.np/egp.*** Bidders Should deposit the cost of bidding Documents of NRs. **5,000.00 (Five Thousand Rupees Only.)** in the Project rajaswa (revenue) account as specified below and the Scanned Copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic Submission of the bid.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of Office:- Budhinanda Municipality, Kolti, Bajura.
   Name of the bank:- Rastriya Banijya Bank, Kolti Branch, Bajura.
   Office Account No.:- 4410100301010002 (Rajaswa Account)
   Office Account No:- 4410100303000002 (Dhaurati Account)
6. Pre-bid meeting shall be held at **Budhinanda Municipality** Office at **08:00 hours on 04/02/2024.**
7. Interested Bidders Shall Submit The electronic bids through PPMO's e-GP system www.bolpatra.gov.np/egp. on or before **10:00 am on 16/02/2024.** Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **11 am on (14/02/2024)** at the office of **Budhinanda Municipality, Kolti, Bajura.** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs. 7,80,000.00** which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PREMIER WOODPROFILE SDN. BHD.**
पुर्व स्वीकृति मिति २०८०/१०/०१ LT. No. 298061 चलानी नं.६०२१३०१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 38 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ९ गते (23rd Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MEHANDI OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ११५७/०७३/०७४
Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856
Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **Themarah Al Murabaha Holding Company for Trading and Contracting**
पूर्व स्वीकृति मिति : २०८०/०९/२९ LT. No. 297856 चलानी नं. ६०२१२९८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६३,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ९/१० गते (23/24 Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **FINAL FACILITIES MANAGEMENT SERVICES**
पूर्व स्वीकृति मिति २०८०/१०/०१ LT. No. 297849 चलानी न. ६०२१३००८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1000 | ३६,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ९ गते (23rd Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.** श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# भूकम्प सुरक्षा दिवसलाई व्यावहारिक बनाऊ

'स्थानीय स्रोत र प्रविधिको प्रयोग गरौं, भूकम्प थेग्ने संरचना बनाऔं' नारासहित आज २६औं भूकम्प सुरक्षा दिवस मनाइँदै छ। वि.सं. १९९० को भूकम्पबाट पाठ सिकेर सुरक्षित आवास निर्माण र सम्भावित भूकम्पीय जोखिम न्यूनीकरणबारे सामाजिक सचेतना अभिवृद्धि गर्ने उद्देश्यका साथ हरेक वर्ष भूकम्प सुरक्षा दिवस मनाइँदै आएको छ।

भूकम्प सुरक्षा दिवस मनाउन प्रधानमन्त्री पुष्पकमल दाहाल चन्द्रागिरि नगरपालिकामा जाँदै छन्। सरकारले हरेक वर्ष भूकम्प दिवस मनाउने गर्छ। आकर्षक नारा पनि बनाउने गर्छ। यसपटकको नारमा भनिएको छ– स्थानीय स्रोतको प्रयोग गरेर भूकम्प थेग्ने संरचना बनाऔं। तर सरकारले भूकम्पबाट सुरक्षा पाउनका लागि भूगोलअनुसारको शिक्षा दिने योजना बनाउँदैन।

नेपाल भौगोलिक विविधता भएको मुलुक हो। भूकम्पको जोखिम हरेक स्थानमा छ। स्थानीयस्तरमा भूकम्प जाँदा पहिरो आउने, ताल फुट्ने, बाढी जानेजस्ता समस्या आउन सक्छन्। भूकम्पका बेला कुन ठाउँमा हुँदा के गर्ने ? यस्ता विषयबाट बच्नका लागि पर्चा र किताब छाप्नुभन्दा पनि प्रयोगात्मक रूपमा डेमो नै गरी प्रत्येकलाई सुरक्षा ज्ञान दिन सकिन्छ। जस्तो आगो लाग्दा के गर्ने ? विमानस्थलमा दुर्घटनमा के गर्ने ? भन्नेजस्ता डेमो हुँदा व्यक्तिले आफू बच्ने उपाय जान्न सक्छन्। समुद्री किनारका देशहरूले प्रत्येक नागरिकलाई समुद्रमा डुंगा दुर्घटनामा परी डुबे के गर्ने भनेर प्राथमिक सीप सिकाउने गर्छ। तर हाम्रोमा सरकारले पोस्टर, भाषणमै कार्यक्रम इतिश्री गर्ने गर्छ।

ती पनि विशेषगरी उपत्यका केन्द्रितमात्रै। यसपटक राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले उपत्यकाका तीन स्थान काठमाडौंको चन्द्रागिरि, ललितपुर र भक्तपुरमा मुख्य समारोह आयोजना गर्दै छ। भूकम्प सम्झना १९९० माघ २ गते पुग्नु पर्दैन। जाजरकोट, बझाङ र २०७२ सालको भूकम्प सम्झे पुग्छ। २०७२ वैशाख १२ गतेको ७.८ म्याग्निच्युडको गोरखा भूकम्पमा परी आठ हजार ६७० जनाको निधन भएको थियो भने सात लाखभन्दा बढी आवासमा क्षति पुगेको थियो। ९० सालको ८.४ महाभूकम्पमा आठ हजार ५१९ जनाको मृत्यु भएको थियो। असी हजार घर ध्वस्त भएका थिए। ९० सालकै भूकम्पको सम्झनामा २०५५ सालदेखि हरेक वर्ष भूकम्प सुरक्षा दिवस मनाइँदै आएको छ। तर, यो कार्यक्रम बढी औपचारिकतामै सीमित बन्दै आएको छ।

यस्तो विभिन्न भूकम्पबाट न त सरकारले पाठ सिकेको छ न त जनताले नै। आफैंले बनाएको संरचनाका कारण ज्यान गुमाउनुभन्दा बेलैमा भूकम्पबाट बच्न पूर्वतयारी गरौं। सरकारले आफ्नोतर्फबाट पूर्वयोजनाका कार्यक्रम बनाऊ, जनताले पनि आफू जोगिन पूर्वतयारी थालौं। भूकम्प सुरक्षा दिवसलाई औपचारिकता कम र व्यावहारिक बढी बनाउन ध्यान देऊ।

# विप्रेषणको सदुपयोग र अर्थतन्त्रको सबलीकरण



▶▶ रामकुमार एलन

समग्रमा हाम्रो अर्थतन्त्र खाडी मुलुक गएका युवाको रगत पसिनाले चलायमान छ। सन् २०२२ मा मात्रै सात लाख ७५ हजार युवा विदेश गएका थिए। एक लाख १० हजारले पढ्ने अनुमति लिएर गएका थिए भने बाँकी स्वदेशी श्रमबजारमा बेरोजगार भएकाले ऋण काढेर विदेश पुगेका थिए। राज्यले आर्थिक वर्ष २०७९/८० मा एक हजार २०० अर्ब विप्रेषण भित्र्याएको छ। करिब ५७ प्रतिशत नेपाली परिवारको दैनिकी यही विप्रेषणले चलेको छ।

अंग्रेजी नयाँ वर्ष २०२४ सकियो तर त्यसको रमझमले हामीलाई अझै छाडेको छैन। अंग्रेजी नयाँ वर्षमा हामीले कति खर्च गर्‍यौं होला ? हिसाबकिताब छैन। अब केही दिनमा हामी माघे संक्रान्ति मनाउँदै छौं। विगतका वर्षमा हामीले माघे संक्रान्ति मनाउँदा तरुल र सख्खरखण्ड मात्रै १३ करोड रूपैयाँभन्दा बढीको अन्य मुलुकबाट आयात गरेको अभिलेख छ। हामी चाडपर्वलाई सामाजिक हैसियतका रूपमा स्थापित गर्न लागिरहेका छौं। यो वर्ष क्रिसमसमा काठमाडौंका मेयर बालेन्द्र साहले प्लास्टिकको बुकेट ल्याउन बन्द गरिदिँदासमेत विरोध गर्ने जमात पनि काठमाडौंमा देखियो।

चाडपर्वलाई महँगो बनाउनु नयाँ त होइन, तर विगतमा हाम्रा पुस्ता कम चेतनशील थिए र ऋण गरेर चाड मनाउथे, अहिले हामी चेतनाले विकसित हुँदा पनि हैसियतका लागि चाडपर्व मनाउने भएका छौं। जुन हाम्रो आर्थिक अवस्था जर्जर बनाउने प्रमुख शस्त्र बनिरहेको छ। देखासिकी र अभिमानपूर्ण जीवनयापनले समाजमा विग्रह ल्याइरहेको छ। भन्नचाहिँ हामी समाजवादको अभ्यासमा अभ्यस्त छौं भनिरहेका छौं। यस्तो अर्थतन्त्र नै अस्तव्यस्त बनाउने अभ्यस्तपनले आर्थिकरूपमा दरिद्रता बोकेर हामी सम्पन्नताको खोक्रो आडम्बरमा छेलिन विवश छौं। त्यसैले बागमती प्रदेशका जनताको आर्थिकस्तर देशवासीकै आर्थिकस्तरभन्दा निकै बढी अर्थात् प्रतिव्यक्ति आय दुई हजार ४५५ डलर पुग्दा पनि हाम्रो हालत सुधार्ने विकल्प वैदेशिक रोजगारीमात्र बनिरहेको छ। मधेस प्रदेशमा प्रतिव्यक्ति आय ९९५ डलर छ र नेपालीको प्रतिव्यक्ति आय एक हजार ३९९ डलर छ। बागमती प्रदेशको आयस्तर बढेर दुई हजार ४५५ डलर पुग्नुमा पनि वैदेशिक रोजगारी नै प्रमुख साध्य हो।

समग्रमा हाम्रो अर्थतन्त्र खाडी मुलुक गएका युवाको रगत पसिनाले चलायमान छ। सन् २०२२ मा मात्रै सात लाख ७५ हजार युवा विदेश गएका थिए। एक लाख १० हजारले पढ्ने अनुमति लिएर गएका थिए भने बाँकी स्वदेशी श्रमबजारमा बेरोजगार भएकाले ऋण काढेर विदेश पुगेका थिए। राज्यले आर्थिक वर्ष २०७९/८० मा एक हजार २०० अर्ब विप्रेषण भित्र्याएको छ। करिब ५७ प्रतिशत नेपाली परिवारको दैनिकी यही विप्रेषणले चलेको छ।

सुशासन, संघीयता, गणतन्त्रका नारामा देशमा ७५३ वटा सरकार भए पनि जनताको रोजीरोटीको प्रमुख विकल्प हट्टाकट्टाले खाडीमा रगत पसिना बगाउनु नै पर्ने छ। विदेसिएकामध्ये ८० प्रतिशतभन्दा बढी श्रमिक खाडी र मध्यपूर्व गइरहेका छन्। औसत उनीहरूले पठाउने वार्षिक पाँच लाख ३२ हजार रूपैयाँ अर्थात् मासिक ४३ हजार ३३३ रूपैयाँले घरपरिवार, पालिका, प्रदेश, संघ सबै चलेको छ।

अर्कातिर राजनीतिक नेतृत्वचाहिँ खाडी मुलुकका श्रमिकसँग भन्दा विकसित मुलुकका एनआरएनहरूसँग प्रभावित छ। जबकि नेपाली राजनीतिमा प्रत्यक्ष चासो र दबाब दिने विकसित मुलुकका श्रमिकले नेपालमा जम्मा आठ प्रतिशत रेमिटचान्स पठाउँछन्। बरु यता भएको घरजग्गा, बैंक ब्यालेन्स, शेयर पनि बेचेर उतै 'स्थायी' भइरहेका छन्। देश गरिब भए पनि अस्ट्रेलियामा घर किन्नेमा नेपाली सातौं नम्बरमा रहेको तथ्य बाहिर आएकै विषय हो।

तथ्यांकले के पनि भन्छ भने हामी भारतलाई सालिन्दा एक अर्ब ५९ करोड डलर रेमिटचान्स पठाउँदा रहेछौं। अनि भारतबाट चाहिँ बर्सेनि एक अर्ब ५८ करोड डलर ल्याउँदा रहेछौं। अर्थात् भारतलाई पनि वार्षिक एक करोड डलर विप्रेषण पठाउन हामी ५२ प्रतिशत साहुमहाजनबाट ऋण काढेर सन्तान खाडी र मध्यपूर्व पठाइरहेका छौं। आएको ४३ हजार ३३३ रूपैयाँ पनि १८.८ प्रतिशतले घर खर्चमै सकाइरहेका छौं। तिनको कमाइले कुनै नयाँ उद्यम, रोजगारीको विकल्पसमेत देखेका छैनन्। सन्तानले विदेशबाट पठाउने र यहाँ निकालेर महिनाभरको खर्च टार्नेमा सीमित भइरहेको छ। हरेक प्रदेशमा महँगी यसरी बढेको छ कि, एउटा श्रमिकको ४३ हजार ३३३ रूपैयाँले थेग्न नसक्ने अवस्था छ।

तथ्यांकीय हिसाबले मधेस प्रदेशसरह जनसंख्या भएको र हरेक सूचकांकमा अब्बल देखिएको बागमती प्रदेशकै अवस्थामा पनि विप्रेषण जोडिएको छ। देशको कूल जनसंख्याको १७.८ प्रतिशत जनसंख्या घरमा अनुपस्थित छन्। २०७९-८० मा बागमती प्रदेशबाट मात्रै सात प्रदेशभरका विदेसिनेमा १५ प्रतिशतभन्दा बढी छन्। यद्यपि बागमती प्रदेशमा बहुआयामिक गरिबीको तथ्यांक सात प्रतिशतमात्र छ। नेपालीको आय एक हजार ३९९ डलर हुँदा बागमती प्रदेशका नागरिकको प्रतिव्यक्ति आय दुई हजार ४५५ डलर बनाएका त छन् तर यो परिपूर्ण देखिएको छैन। देशकै घरजग्गा कारोबारमा बागमती प्रदेशको मात्र हिस्सा ६४.७ प्रतिशत छ। देशको कूल गार्हस्थ उत्पादनमा बागमतीको योगदान ३८.८ प्रतिशत छ। बैंकले बागमती प्रदेशबाट मात्रै ३७ खर्ब १५ अर्ब रूपैयाँ निक्षेप संकलन गरेको छ। कर्जा लगानी पनि खराब छैन, जम्मा २७ खर्ब १७ अर्ब रूपैयाँ छ। अर्थात् निक्षेप संकलनभन्दा कर्जा लगानी कम नै छ। वित्तीय जोखिम उस्तो देखिएको छैन।

अनेक सूचकांकमा बागमती प्रदेश अगाडि नै छ। देशको मानव विकास सूचकांक ०.६६ मा बागमतीको सूचकांक ०.६ रहेको छ। देशभरका श्रमिकमा बागमतीका मात्र २८.६४ प्रतिशत छन्। देशभर दुई हजार ५८४ मेगावाट विद्युत् खपतमा बागमती एक्लैले एक हजार १४९ मेगावाट खपत गरिरहेको छ। सेवा क्षेत्र अर्थात् सहज र बढी नाफा हुने उद्यमबाट बागमतीले ७७.४ प्रतिशत योगदान दिइरहँदा बागमती प्रदेशका युवा विदेशिनुपर्ने अवस्था अन्त्य भएको छैन। यसरी वैदेशिक रोजगारीलाई नै अर्थतन्त्रको बलियो मियो बनाउने क्रम विस्तारै नेपालमा भएको धन सम्पत्ति बेचेर विदेसिने अवस्थामा जोडिएको छ। यो क्रमले आर्थिक अवस्था सुधारका संकेत देखिँदा पनि फेरि देशमा राजनीति गर्ने विषयवस्तुचाहिँ यही बनिरहेको छ। भए गरेका प्रगतिलाई पनि दलहरूले 'मसला' बनाउन सकिरहेका छैनन्। जसले मसला बनाइरहेका छन्, उनीहरूले यसलाई नकरात्मक रूपमा प्रस्तुत गरेर निरासा र उत्तेजना विनिमयमात्र गरिरहेका छन्।

वि.सं. २०५९ सम्म ५९ प्रतिशत निरपेक्ष गरिबीको रेखामुनि रहेका नेपाली जनता २०८० मा आइपुग्दा १९ प्रतिशत बहुआयामिक गरिबीको रेखामुनि छन्। यसो भन्नुको तात्पर्य हो, देश ठूलो विप्रेषण भित्र्याएर पनि गरिबीको रेखा कम गर्न लागिरहेको छ। भएका युवा खुरुखुरु विदेसिएका छन्। वश उनीहरूको सुरक्षित आप्रवासन र नेपालमा रहेका परिवारलाई ससम्मान बाँच्न सक्ने अवस्था बनाउनु नै स्थानीयदेखि संघइ सरकारको दायित्व हो। किनभने पछिल्लो समय नेपालमा भएका हत्या हिंसा शृंखलामा पनि यिनै विदेशमा बसेका युवाका परिवार जोडिएका छन्। उनीहरूको परिवारका सदस्य अनेक बहानामा असुरक्षामा बाँचिरहेको देखिन्छ। विगत एक वर्षमा १६ लाख नेपाली रोजगारीका लागि, दुई लाख अध्ययनका लागि, ९१ हजार अस्थायी बसोबासका लागि र ७१ हजार स्थायी बसोबासका लागि नेपाली विदेसिए छन्।

देशभित्रै मर्यादित रोजगारी बनाउने विषयमा संघ, प्रदेश र स्थानीय सरकारको प्रयास भएको देखिँदैन। अर्कातिर सबै सूचकांकले बागमती प्रदेशलाई अब्बल बनाए पनि यहाँका पनि १८ देखि ४० वर्ष उमेरका युवालाई विदेसिनुपर्ने बाध्यता निर्माण हुनुमा देशमै दक्ष जनशक्ति आधारित स-साना काम पनि नहुनु हो। विदेश जानै नपर्ने गरी देशमै ४३ हजार ३३३ रूपैयाँ कमाउन सकिने कामहरू प्रशस्त नभएका होइनन्। तर ती कामहरूमा स्थानीय तहलेसमेत केही योजना बनाउन सकिरहेको छैन। जुन स्थानीय सरकारका तर्फबाट हुन सक्ने कामहरू हुन्। यसले वडावडामा धेरै युवालाई रमाउन र कमाउन सक्ने बनाउँछ। प्रदेश सरकारले पनि आप्रवासीका विषयमा अनेक औपचारिक कार्यक्रम गरेका भरमा विदेसिनेको विषयमा ठोस योजना बनाउन सकेको छैन। यो विषय औपचारिकतामा सीमित छ। जुन विषयलाई व्यवस्थित गर्न सकिए वडामै युवा व्यवस्थापन हुने देखिन्छ।

विदेशबाट फर्किएका पनि बेरोजगार नै छन्। बागमती प्रदेशकै तथ्यांक हेर्ने हो भने ४१.५ प्रतिशतले विदेशमा गरेको कामका आधारमा मिल्दोजुल्दो रोजगारी पाएका छैनन्। चीन, भारत, पाकिस्तानलाई पनि हामी विप्रेषण पठाइरहेका छौं र आफ्ना सक्षम युवा पुस्तालाई चाहिँ जुन प्रदेशमा भए पनि ४० वर्षसम्म बाहिर नै जाऊ भनेर लखेटिरहेका छौं। उनका परिवार विखण्डनमा पर्ला भनेर कुनै चिन्ता लिइएको पनि छैन। वैदेशिक रोजगारीमा गएकाको परिवारलाई यात्रामा सहज बनाइदिने, सिफारिसमा शघ्रि सेवा दिने काम स्थानीय तहको हुनसक्छ। जुन काम हामी एउटा पालिकास्तरीय निर्णयबाट गर्न सक्छौं। देश फर्केकालाई यहीं काम गर्ने अवस्था बनाउनु आवश्यक छ। *रासस*

## मननयोग्य

### विदुर नीति

**महात्मा विदुरको जीवन चरित्र**

महात्मा विदुरलाई महाभारतमा महाप्राज्ञ अर्थात् महान् बुद्धिमान भनिएको छ। उनले बोलेका कुराहरू ज्यादै नै समझदारीपूर्ण तथा सोचविचार पुयाएर गरिएका गहिरा ठानिन्थे। विदुर एक अनुपमेय व्यवहारवादी व्यक्तित्व थिए अन्धा राजा धृतराष्ट्रलाई सल्लाह दिने प्रधानमन्त्रीको रूपमा बिर नियुक्त गरिएका थिए, जुन विदुरले जुवा, द्रौपदीको बस्त्रहरण, दुर्योधनको उद्दण्डता तथा पाण्डबसँग दुर्योधनले राख्ने सम्पूर्ण दुराग्रहको विरोध गरेका थिए। राजा र देशका लागि सदा इमानदार सेवक भएर आफ्नो पदमा रहेका थिए। अरूलाई जस्तो उनलाई दोष दिने कतै ठाउँ उनले छाडेनन्। सदा राजा, देश र न्यायको पक्षमा स्वयम् राजा धृतराष्ट्रसँग बहस गरेर आफ्नो इमान र धर्मको पालना गरे। उनी जस्तो नीतिज्ञ र चतुर आजको संसारमा अन्य कोही कतै जन्मेको छ ? छैन सबै पैसा, पद र शक्तिका दास मात्र छन्। महात्मा विदुर उद्भट विद्वान्, धर्म र नीतिका ज्ञाता तथा वैदिक कालको राजनीतिमा पोख्त थिए। यिनै कारणले गर्दा 'महाभारत' मा उनको विशिष्ट स्थान छ। यिनी सबैका लागि सम्माननीय थिए। परम अभिमानी र पाण्डवहरूप्रति अत्यधिक द्वेषपूर्ण भावना लिने दुर्योधनसमेत विदुरको निष्पक्षताका विषयमा पूर्णतः आश्वस्त रहन्थ्यो विदुरको बागी-सयम, समयानुकूल कुरा गर्नु (अर्थात् जुन कुरा भन्नैपर्ने हुन्छ कटु नै भए पनि न हिच्किचाएरै भन्ने बानी। यी सबै उनका सर्वश्रेष्ठ गुणहरू थिए।

विदुर कति धेरै समादृत थिए भन्ने सम्बन्धमा एउटा प्रसँगलाई लिन सकिन्छ : बाह्र वर्ष बनबास र एक वर्षको गुप्तवासपश्चात् पाण्डवहरू विराटनगरमा प्रकट भएका थिए। राजा द्रुपद पनि विराटनगरमा गएर भाबी कार्यक्रम र युद्धको तयारीबारे छलफल गर्दथे। राजा द्रुपदले आफ्ना पुरोहितलाई कुरु नरेश धृतराष्ट्रकहाँ पाण्डवहरूको राज्य फर्काउनेबारे खबर गर्न पठाए। पुरोहितले भनेको युक्तियुक्त भनाइलाई भीष्म आदिले अनुमोदन गर्दा पनि दुर्योधनले अस्वीकार गरिदियो। पुरोहित विराटनगरमा फर्किएर गएपछि धृतराष्ट्रले सञ्जयलाई आफ्नो दूत बनाएर युद्धमा भीष्म आदि स्वजनहरूलाई मारेर राज्य भोग गर्नुभन्दा भीख मागेर खानु बेश हो' यही सन्देश युधिष्ठिरलाई सुनाइदिनू भनी पठाए। क्रमशः




# आमा त्यो आउँछ र ?

पुस अन्तिम दिन थियो। आमाले थन्क्याएर राखेको प्लास्टिकका जर्किनहरू सबै भऱ्याङमुनिबाट धमाधम निकाल्दै थिइन्। सायद टुल्के पाँच वर्षको थियो होला। केटाकेटीमा आमासँग बच्चाहरूले धेरै कुरा सिक्छन्। आमाले जसोजसो गरेको छ त्यही देखेर बच्चाहरूले पनि सिक्छन्। चाहे त्यो बोल्ने शैली वा शब्दहरू हुन्। या हाउभाउका कुरा पनि आफूभन्दा ठूलाबाट नै सिकेर त्यसलाई बानी नै बनाउँछन्। टुल्के पनि भऱ्याङमुनि छिरेर सानो तेलको जर्किन निकाल्न थाल्यो।

अहिले जस्तो कहाँ थियो र ! जुत्ता लगाउन दसैं नै कुर्नुपर्ने। बा'ले जसोतसो स्कुल जान पनि हुने, मामाघर जान पनि हुनेगरी एउटा जुत्ता किनिदिएकी थिइन्। बा'ले नयाँ जुत्ता किनेर ल्याइदिएको दिन त खुसीको सीमा नै हुँदैनथ्यो। हात्ती छाप चप्पलको त कुरै छाडौं। हिँड्दा प्याट्टऽप्याट्ट पड्काउन टुल्के खुब खुसी हुन्थ्यो।

टुल्के आमासँगै मकर संक्रान्तिलाई निम्तो दिँदै आमाको पछिपछि लुरुलुरु ढुंगेधारातिर पुग्थ्यो चप्पल पड्काउँदै। आमा घर जा भन्दै टुल्केलाई अलि परसम्म लखेट्थिन्। टुल्के हाँस्दै दौडिन्थ्यो। अनि फेरि सानो जर्किन बोकेर आमा गएकै ढुंगेधारातिर जान्थ्यो।

माघे संक्रान्ति, सबैका घरमा पाहुना। पानीको स्रोत नै ढुंगेधारा र इनार। सार्वजनिक स्थानको इनारमा भनेजति पानी पाउनै मुश्किल। अनि आमा बरको बोटमुनिको ढुंगेधारासम्म पुगेर गाग्री, जर्किनमा पानी ओसार्नु हुन्थ्यो। टुल्के पनि आमासँगै फरियाको फेर समाउँदै जर्किन बोक्न पाएपछि खुसी हुँदै ढुंगेधारा नै पुग्थ्यो।

दिन यसरी नै ढल्कँदै थियो। काठमाडौंको ठाउँ सबैलाई सहर छिर्नुपर्ने बाध्यता पनि रहर पनि। काठमाडौंमा देश नै परिवर्तन गर्नसक्ने ठूला- ठूला जुलुस पनि हुन्थे। टुल्केले जिन्दावाद र मुर्दावादको नारा नसुनेको पनि होइन। रैथानेहरू खासै चासो दिने। त्यही रैथानेहरूको ढाडमा टेकेर धेरैले फड्को पनि मारे। राजनीति गर्ने नेताहरूले पञ्चायत ढाल्न भन्दै ठाउँ-ठाउँबाट जुलुस निकाल्ने।

सत्ता ढाल्न भन्दै झुप्प-झुप्प समूह बनेर रातिराति बलेको बत्ती निभाउने घर-घर पुग्थे। टुल्के झ्याल छेउमै सुतिरहेको थियो। त्यही बत्ती निभाउनेहरूको समूहले 'ब्ल्याक आउट-ब्ल्याक आउट' भन्दै झ्यालमा ढुंगा हान्न थालेपछि आमा बत्ती निभाउन नभ्याउँदै उच्छिट्टिएर आएको एउटा ढुंगा टुल्के सुतेको झ्यालबाट छिरेन मात्र, टुल्केको टुटुल्कै उठाइदियो।

२०४६ सालमा भएको राजनीतिक परिवर्तनसँग प्रजातन्त्र आयो। त्यही प्रजातन्त्रको फेरो समाएर काकाकुलजस्तै भएका जनतालाई आश्वासनका पोकाहरू बाँडिन थाल्यो। काठमाडौंका मान्छेको घाँटी भिजोस् कि नभिजोस् तर काठमाडौंका सडक मेलम्चीको पानीले पखाल्दिने भन्दै सुरु भएको मेलम्ची पानीको आशा र 'ब्ल्याक आउट' का नाममा टुल्केको उठेको टुटुल्को अहिलेसम्म पनि उस्तै छ।

मेलम्चीको पानी भन्ने सुनेको टुल्के मेलम्चीमै गएर पानी पिएर आइसकेको छ। टुल्केकी आमा अहिले पनि त्यही ढुंगेधारामा जर्किनमा पानी थाप्ने परम्परा धानिरहेकी छिन्। काकाकुल काठमाडौंका टुल्केकी आमाजस्ता हजारौं आमाहरूलाई मेलम्चीको पानी वितरण आठौंपटकसम्म उद्घाटन गरिँदा पनि कुनै मतलव नै छैन।

पाँच वर्षको टुल्के अहिले आफैं लक्का जवान भइसक्यो। आमाले विश्वास नगरेको मेलम्ची टुल्केले विश्वास कसरी गरोस्। काठमाडौं खाल्डोमा जमिनमुनिको पानीसमेत सकिन लागिसक्यो। तर काठमाडौंबासीलाई दिने आश्वासनका पोकाहरू सकिएका छैनन्, अझै उस्तै छन्।

तीस वर्षदेखि उही कुरो चलिरहेको छ। जसरी टुल्के ढुंगेधारामा आमासँग जर्किन बोकेर जान्थ्यो। टुल्केको छोराछोरी टुल्केकी जीवनसंगीनीसँग हिँड्न थालिसकेका छन्। टुल्केकी आमाले जसरी टुल्केलाई डाँडापारिको मेलम्चीबाट पानी आउँछ रे भनेकी थिइन्। आज टुल्केकी जहानले आफ्ना साना केटाकेटीलाई उदाउँदै गरेको सूर्य देखाएर भन्नु परेको छ। 'ऊ त्यो परको सूर्य उदाएको ठाउँको ठ्याक्कै मुनिबाट मेलम्चीको पानी आउँदै छ !'

ऊ बेला सर्वमान्य नेता मानिएका गणेशमानले आफ्नी पत्नीलाई चुनावमा हराएका काठमाडौंका जनतालाई 'भेडा' भने थे। त्यही भएर होला शासकहरूले अहिलेसम्म पनि उही नाम दिइरहेका छन्। त्यस्तै व्यवहार गरिरहेका छन्।

अहिले सामाजिक सञ्जाल र सञ्चारको प्रयोगले गर्दा होला। मेलम्चीको पानी आउने अग्रिम सूचना छ। टुल्केका छोराछोरीले टुल्केकी जहानलाई माघे संक्रान्तिको झिसमिसेमै सोधे। आमा त्यो आउँछ र ? पल्टिरहेको टुल्के बच्चाबच्चीको मुखमा हेर्छ। उसकी जहान के ? भन्दै प्रश्न गर्छिन्।

बच्चाबच्ची फेरि सोध्छन्, आमाले भनेको होइन ? बिहान सूर्जे आउने ठाउँभन्दा मुनिबाट मेलम्चीको पानी आउँछ भनेर ? हामीले सुनेको घिउ चाकु खाने दिन त्यो पानी त सिंहदरबार पो आउँदै छ रे ! केटाकेटीको कुरा सुनेर टुल्के आफैंसँग मुस्कुराउँछ। टुल्केकी जहान अक्क न वक्क पर्छिन्।

केटाकेटी अझै ढिपी कसिरहेका छन्, 'भन न आमा त्यो आउँछ कि आउँदैन।' विचरी तिनलाई के थाहा आउँछ कि आउँदैन। उनले पनि आफू केटाकेटी हुँदा सुनेको त्यो त्यहीबाट आउने हो भनेर तर, अहिलेसम्म आएको छैन। आउँछ भनौं आउनेवाला छैन। आउँदैन भनौं आउँछ भन्दै सनसनी फैलिसकेको छ। दोधारमा परिन् उनी। पुर्लुक्क टुल्केलाई हेर्छिन् टुल्के मुस्कुराउँछ।

आफ्नी जहान दोधारमा परेपछि टुल्के भन्छ, 'हेर म तिमीहरू जत्रो हुँदा मैल मेरी आमालाई यसैगरी सोधेको थिएँ आमा त्यो आउँछ कि आउँदैन भनेर ? आमाले मलाई आउँछ रे, भन्ने जवाफ दिएकी थिइन्। म यत्रो भएँ अहिलेसम्म आएको छैन। अब तिमीहरूले तिमेरुका आमालाई सोधिराखेका छौं त्यो मेलम्ची आउँछ कि आउँदैन भनेर ? ल्याउनेलाई नै थाहा छैन त्यो आउँछ कि आउँदैन मैले पनि मेरी आमालाई यसैगरी सोधेको थिएँ:

*आमा त्यो आउँछ र ?*
*हो बाबु त्यो आउँछ*
*तिमी बूढो हुञ्जेलसम्म आउँछ।*
*मैले पनि बालाई सोधेकै थिएँ*
*साँच्चै बा त्यो आउँछ र ?*
*बाले भन्नुभएको थियो*
*आउँछ रे !*
*तर,*
*अहिलेसम्म आएको छैन।*
*तिमी कुर्दै गर पक्कै आउँछ*
*आएन भने*
*तिम्रा सन्ततीले सोध्लान् ?*
*अनि,*
*मैलेजस्तै उत्तर दिनु*
*हो बाबु त्यो आउँछ*
*सलऽल बगेर आउँछ।*

तिमीहरू पनि हामीले जस्तै आशा गर भर चाहिँ नपर।



**बाह्रकुने दह मेला** | दाङको घोराही उपमहानगरपालिका–१३ स्थित सोमबार माघे संक्रान्तिको अवसरमा लागेको बाह्रकुने दह मेलामा सर्वसाधारणको भीड । *तस्बिर: कुलदीप न्यौपाने/रासस*

# ‘हरायो माघे संक्रान्तिको रौनकता’

**ढोरपाटन (बागलुङ)–** बढ्दो आधुनिकता र पश्चिमा संस्कृतिका कारण पछिल्लो समय मौलिक संस्कृति हराउँदै गएका छन् । परम्परादेखि मनाइँदै आएका चाडपर्व तथा रीतिरिवाज अहिले त्यसको महत्त्व नदिएको पाइन्छ । बागलुङका मगर तथा छन्त्याल जातिले माघ १ गतेको दिन अर्थात् माघे संक्रान्तिलाई विशेष पर्वका रूपमा मनाउने गर्दथे । यसअघिका वर्षमा बागलुङ बजारमा ठूलो तामझामका साथ मेला लाग्ने गरेकामा अहिले धेरै ठाउँ सुनसान छन् ।

माघे संक्रान्तिमा आफन्तसँग भेटघाट हुने, खुसी साटासाट गर्ने र होरे काफै (डम्फु बजाएर नाच्ने) प्रचलन थियो । पछिल्लो समय निसीखोला गाउँपालिका-१ को लेबाङ, निसीखोला-५ को निसी र ६ को भल्कोट गाउँ बाहेक अन्य ठाउँमा होरे काफै खेलने प्रचलन हराएको छ । होरे काफै खेल्ने आफ्नै विधि र प्रक्रिया हुने भए पनि युवा पुस्तामा त्यसको ज्ञान नहुँदा यो प्रचलन ओझेलमा पर्दै गएको छ ।

माघे संक्रान्तिसहित मौलिक परम्परा हराउँदै गएपछि बूढापाका चिन्तित बनेका छन् । डेढ दशक अगाडिसम्म मुख्य बजारदेखि ग्रामीण क्षेत्रमा भव्य रूपमा बनाइने यो पर्व अहिले हराउँदै गएको तमानखोला-३ का वीरबहादुर बुढा मगरले गुनासो पोखे । पहिलेको जस्तो गाउँमा चाडपर्व मनाउनेहरू कम भएको भन्दै यहाँ भएकाहरूले पनि खास्सै चासो नदिने उनको भनाइ छ ।

अहिलेका चाडपर्वमा कुनै रौनकता नै नभएको बुढा मगरले बताए । ‘हामी मगर जातिको सबैभन्दा ठूलो पर्व हो माघे संक्रान्ति, अहिलेका मान्छेले बुझ्दैनन् । हाम्रो जातिको पहिचानसँग जोडिएको छ । अहिले माघे संक्रान्तिमा कुनै रौनकता छैन । पहिलाको जस्तो संस्कृति र पहिचान हराउँदै गएको छ,’ उनले भने, ‘काफै खेल्ने, मान्यजनबाट आशिष लिने, तरुल, रोटी र खिर खाने चलन थियो । गाउँहरू डम्फुको तालले गुञ्जिन्थे, तर अहिले सबैतिर सुनसान छन् ।’

ढोरपाटन नगरपालिका-६ का ७५ वर्षीय केशवबहादुर छन्त्यालले युवा पुस्ताले माघे संक्रान्तिको महत्त्व नबुझ्दा मौलिक परम्परा लोप हुने अवस्थामा पुगेको बताए । आफूहरूको पालासम्म पूर्खाहरूले जोगाउँदै आएको संस्कृति अहिले संरक्षण गर्न मुस्किल परेको उनले सुनाए । पहिले-पहिले गाउँमा स्थानीयले माघे संक्रान्तिका लागि तरुल रोप्ने गरेकामा अहिले आयातीत तरुलमा निर्भर भएको उनको भनाइ छ ।

माघे संक्रान्तिका दिन नयाँ कामको सुरुआत गरे शुभ हुन्छ भन्ने मान्यता राख्दै आए पनि अचेल कसैले मतलब नगर्ने छन्त्यालले बताए । ‘यो बेला गाउँगाउँमा मेला लाग्थ्यो । मेलामाकेटाकेटी भेट भएर गीत गाउने, नाच्ने चलन थियो । गीतबाटै परम्परा जोगाउने खालका सन्देश दिइन्थ्यो । साथै रमाइलो पनि गरिन्थ्यो,’ उनले भने, ‘अहिले हाम्रो पालाको जस्तो हर्षोल्लास छैन । वर्षमा १२ संक्रान्ति हुन्छन्, त्यसमध्ये सबैभन्दा विशेष र महत्त्वपूर्ण रूपमा माघको संक्रान्तिलाई लिइन्छ । पछिल्लो समय हाम्रा संस्कार संस्कृति र परम्परा लोप हुँदै गएका छन् । यस्ता पर्वलाई सरकारले पनि संरक्षण गर्नका लागि पहल गर्नुपर्छ ।’

निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीले माघे संक्रान्ति पर्वलाई संरक्षण गर्नका लागि पालिकाले पहल गरेको बताए । निसीखोलामा अहिलेसम्म धेरै संस्कृति संरक्षण हुँदै आएकामा अब थप व्यवस्थित र मौलिकरूपमा मनाउने गरी नागरिकलाई सजक बनाइरहेको उनले बताए । माघे संक्रातिको साइनो खानपानसँग जोडिएको भन्दै ग्रामीण क्षेत्रमा अझ बढी मनाइने उनको भनाइ छ ।

‘यो पर्व कहिलेदेखि मनाउन थालियो भन्ने यकीन गर्न सकेका छैनौं, तर पहिले हाम्रा अग्रजहरूले जे जसरी मनाउँदै आउनुभएको थियो, सोहीअनुसार हामीहरूले मनाउँदै आएका छौं । *रासस*

## चेलीलाई कोसेली दिएर मनाइयो माघे संक्रान्ति

**मान्म (कालीकोट)–** विभिन्न जातजाति र समुदायमा फरक-फरक तरिकाले मनाइने माघे संक्रान्ति कालीकोटमा भने छोरीलाई कोसेली दिएर मनाइएको छ । माघी तिहार अवसरमा कर्णालीमा चेलीलाई हरियो पोकामा कोसेली दिएर माघी पर्व मनाइने गरिन्छ ।

चेलीलाई माघी पर्वका अवसरमा हरियो पोकामा कोसेली दिने चलन रहेको छ । यो परापूर्वकालदेखि चल्दै आएको र १५ दिनसम्म छोरीलाई दिने गरिन्छ । विभिन्न परिकारसहितको कोसेली हरियो पातमा छोरीचेलीलाई दिने चलन परापूर्वकालदेखि चलिआएको छ ।

धार्मिक मान्यताअनुसार यो माघ महिनालाई पवित्र महिनाका रूपमा लिने गरिएको नरहरिनाथ उत्थान केन्द्रका सल्लाहकार किशोरकुमार रावलले बताए । ‘कर्णालीमा अन्य ठाउँको भन्दा भिन्न तरिकाले माघी मनाउने चलन छ,’ उनले भने, ‘वैदिक मान्यताअनुसार कर्णाली तथा सुदूरपश्चिममा माघ महिनालाई पवित्र महिनाका रूपमा लिएर चेलीलाई कोसेली दिने चलन रहेको छ ।’

धार्मिक मान्यताअनुसार माघ महिनामा कपाल काट्न, खौरिन नहुने, बलि दिन नहुने र यस अवसरमा कागको पूजा गर्ने चलन रहेको पञ्चदेवल मावि खाँडाचक्र नगरपालिका-२ मान्मका सहायक प्रधानाध्यापक चन्द्रप्रसाद कोइरालाले बताए । ‘टाढाटाढा रहेका दिदीबहिनीलाई हरियो पातमा कोसेली पुऱ्याउने चलन छ,’ उनले भने, ‘कर्णालीमा माघ पवित्र महिना भएका कारणले मारकाट पनि गरिँदैन ।’ टाढाटाढा रहेका छोरीलाई माइती पक्षले माघ महिनाभर नै कोसेली पुऱ्याउने चलन कर्णाली क्षेत्रमा रहेको छ । *रासस*

### पोखरा विमान दुर्घटनाको एक वर्ष

# प्रियजन गुमाउनेहरूको उस्तै छ पीडा

■ जमुना वर्षा शर्मा

**पोखरा–** माघे संक्रान्ति भएकाले त्यस दिन प्रतिभा अधिकारी पोखरा फूलबारीस्थित घरमा व्यस्त थिइन् । श्रीमान् त्रिभुवन पौडेल काम विशेषले काठमाडौंमा थिए । एक सातापछि पाँचौं विवाह उत्सव काठमाडौंमै मनाउने योजना भए पनि माघे संक्रान्ति परेकाले त्रिभुवन दिउँसो ढिलो भए पनि घर आउने जानकारी प्रतिभालाई थियो । तर नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य पौडेलको योजना भने त्यस्तो थिएन । परिवारलाई ‘सप्राइज’ दिन रुचाउने पौडेलले दिउँसोको नभई बिहानै घर पुग्ने योजनाअनुसार विमानको टिकट काटेका थिए । उनले टिकट काटेको यती एयरलाइन्सको ९ एन-एएनसी एटिआर-७२ विमान जुन त्यसै दिन बिहान १०:५७ बजे विमानस्थल नजिकैको नयाँगाउँस्थित सेती खोंचमा खस्यो । दुर्घटनामा परी चालक दलका चारसहित ७२ जनाले ज्यान गुमाए ।

दुर्घटनासम्बन्धी समाचार, तस्बिर र भिडियो समाचार सामाजिक सञ्जाल र सञ्चारमाध्यममा छ्याप्छ्याप्ती हुँदा पनि प्रतिभालाई श्रीमान् पनि त्यही विमानमा सवार थिए भन्ने हेक्का थिएन । त्यस दिन दिउँसोसम्म सामाजिक सञ्जालमा मृतकको सूचीमा श्रीमान्को नाम देख्दा पनि उनलाई विश्वास लागेको थिएन ।

‘उहाँ (श्रीमान् पौडेल) हरेक समय मलाई ‘सरप्राइज’ दिनुहुन्थ्यो, अझै पनि ढोकामा आएर के छ बूढी भनेर बोलाउनुहुन्छ जस्तै लाग्छ,’ प्रतिभाले भनिन्, ‘आज घर आउन पाउँदिन भन्ने अनि टुप्लुक्क आइपुग्ने, अबेर



हुन्छ भनेका दिन पनि छिट्टै घर आएर सरप्राइज दिनुहुन्थ्यो ।’

दुर्घटना भएको सोमबार एक वर्ष बित्यो तर प्रतिभालाई एउटा कुराले अहिले पनि सोचमग्न बनाएको छ । ‘त्यो बेला त्रिभुवन काठमाडौं जानुअघि साइत हेरेर जानुभएको थियो, त्यसभन्दा अगाडि कतै जाँदा कहिल्यै साइत जुराएको मलाई याद छैन,’ प्रतिभाले श्रीमान् काठमाडौं जानुअघिको दिन सम्झँदै भनिन्, ‘सायद त्यो मृत्युको साइत रहेछ भन्ने आज लागेको छ ।’

प्रतिभाको काँधमा श्रीमान् गुमाउनुको पीडासँगै छोरा र परिवारको पनि जिम्मेवारी छ । त्यसैले छोराकै लागि भए पनि उनी आफूलाई सामान्य अवस्थामा ल्याउने प्रयासमा छिन् । छोरा इभान अहिले पाँच वर्षमा प्रवेश गर्दै छन् । अटिज्म भएकाले छोराको नियमित उपचार गराइरहनुपर्छ । छोरालाई निको पारेर उनीबाटै श्रीमान्को सपना पूरा गर्ने अठोट पनि प्रतिभासँग छ । ‘म आफ्नो भविष्यबारेमा अहिले केही भन्नसक्ने अवस्थामा छैन,’ उनले भनिन् ।

दुर्घटना भएयता न सरकार, न जहाज कम्पनी कसैले पनि आफ्नो अवस्थाबारे सोधपुछ नगरेको उनको भनाइ छ । ‘अरूका लागि त्यो दुर्घटना एउटा दुःखलाग्दो घटनामात्रै होला, तर हाम्रा लागि त जीवन सकिएजस्तो अन्धकार भएको छ,’ प्रतिभाले पीडा सुनाइन् ।

सोही दुर्घटनामा ज्यान गुमाएका पत्रकार अनिल शाहीकी श्रीमती रेनु गुरुङ पनि त्यो दिन भुलाउन सकिरहेकी छैनन् । ‘भारतको केरलाबाट घर आउँदै हुनुहुन्थ्यो, म खाना बनाएर उहाँको प्रतीक्षा गरिरहेकी थिएँ,’ उनले भनिन्, ‘तर त्यस दिनदेखि त मेरो एउटा पखेटा नै गुम्यो, यति छोटो समयमै म एक्लै हिँड्नुपर्छ भन्ने कहिल्यै लागेन ।’ गुरुङ श्रीमान् गुमाउनुको पीडाबाट आफूलाई सम्हाल्दै दुई छोरा, सासूससुराको जिम्मेवारी निर्वाह गर्दै आएकी छन् ।

अनिल रेडियो एपोस्टलका प्रबन्धक थिए भने दुबईमा आइटीसम्बन्धी व्यापारको तयारीमा पनि जुटेका थिए । दुई साताअघि दुबईबाट नेपाल आएका शाही तत्काल काम विशेषले केरला पुगेका थिए । अनिलले आफू पोखरा आउनेबित्तिकै सपरिवार दुबई घुम्न जाने योजना बनाएका थिए ।

प्रतिभा र रेनुको जस्तै त्यो दिन पोखराका मदनकाजी श्रेष्ठको परिवारमा पनि ब्रजपात भयो । मदनकाजीले कान्छा छोरा डा. सुशील श्रेष्ठ, बुहारी डा. सोना दिवाकर श्रेष्ठ र नाति शर्भिनलाई गुमाए । सन्तान गुमाउनुको पीडाबाट मनदकाजी अझै बाहिर निस्कन सकेका छैनन् । ‘मानवीय त्रुटिका कारण भएको दुर्घटनाका दोषीले सजाय पाउनै पर्छ,’ उनले भने ।

दुर्घटनाको छानबिन गर्न घटना भएकै दिन गठित दुर्घटना जाँच आयोगले गत पुस १२ गते सरकारलाई बुझाएको प्रतिवेदनमा मानवीय त्रुटिलाई कारक मानेको थियो । पूर्वसचिव नगेन्द्रप्रसाद घिमिरे संयोजकत्वको जाँचबुझ आयोगले तयार पारेको प्रतिवेदन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीलाई हस्तान्तरण गरेको थियो । प्रतिवेदनमा ‘पाइलटले फ्लेप लिभर तान्नुपर्नेमा ‘कन्डिसन लिभर’ तानेको देखिएको र जसले गर्दा जहाज ‘फिदर कन्डिसन’ मा गएपछि अगाडिको ‘मोसन’ जहाजले नपाएकाले दुर्घटना भएको उल्लेख छ ।

आयोगले आगामी दिनमा यस्ता दुर्घटना हुन नदिन वायुसेवा सञ्चालक, नियामक र मन्त्रालयलाई आठबुँदे सुझाव दिएको छ । उडान समयमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको मौसम, ‘भिजिबिलिटी’ तथा प्राविधिक पक्ष राम्रो रहेको जनाइएको छ । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL QASR GLASS COMPANY

पूर्व स्वीकृति मिति २०८०/१०/०१ LT. No. 298057 चलानी नं. ६०२१३०१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,६९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Loading And Unloading Labor | 2 | 0 | 1000 | ३५,३८५ | | | | | | | |
| 3 | Manufacturing Labour | 23 | 0 | 1000 | ३५,३८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ९ गते (23rd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RUKN AL THIQAH SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/०९/१८ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०१ LT. No. 297503 चलानी नं. ६०२१२४८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1200 | ४३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: बिर्तामोड, झापा, होटल सेन्टर पोइन्टमा मिति: २०८० माघ ३ गते (17th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sagarmatha International Employment Pvt. Ltd.
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9844078232, 9844078232
9823810701, 9746850593 E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : OEL DISTRIBUTION (JOHOR) SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०१ LT. No.271079 चलानी नं. ६०१८७६३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १० गते (24th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAXVEC PROTECTION SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/०३/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०१ LT. No. 288769 चलानी नं. ६०२०४१४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 44 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ९ गते (23rd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREEN LIGHT OVERSEAS PVT. LTD
श्रम ईजाजत नं. 1365/074/75
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758
Email:info@green-lightgroup.com, Web:green-lightgroup.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TECHNOFIT SDN.BHD.

पूर्व स्वीकृति मिति:२०८०/०७/०३ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०१ LT. No. 294259 चलानी नं. ६०२०९३५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 3 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ९ गते (23rd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Haya Recruitment Pvt. Ltd.
श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610
E-mail : alhaya.recruitment@gmail.com

प्रभाव दैनिक

# रूपशाला

## धिरज र उपासनाको मुख्य भूमिकामा 'खुस्मा'

अभिनेता धिरज मगर र अभिनेत्री उपासना सिंह ठकुरीको मुख्य भूमिका रहने फिल्म 'खुस्मा' निर्माणको घोषणा भएको छ । माघे संक्रान्तिको अवसर पारेर घोषणा गरिएको फिल्ममा अशोक थापाको निर्देशन रहनेछ । फिल्मका निर्माता बेताने मगर, चन्द्र भट्टचन, मोहन राई र सुस्मिता बुढाथोकी हुन् । एसडी योगीको संगीत रहने फिल्ममा सुरेन्द्र राना तथा राम अविरल विष्टको गीत रहनेछ । दिपक बज्राचार्य छायाँकार रहने फिल्ममा धिरज र उपसनाका अलावा अस्तित्व भट्टचन, खड्क बहादुर पुन (खबपु) तथा अरूण मगरको अभिनय रहनेछ । प्रेम कथामा बन्ने फिल्म एम मिडिया प्रा.लिको ब्यानरमा निर्माण हुनेछ ।



मंगलबार २, माघ २०८० (Tuesday, January 16, 2024)

## 'उपहार'को चार फर्स्टलुक पोस्टर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी फागुन २५ गते रिलिज हुने फिल्म 'उपहार'को चारवटा फस्टलुक पोस्टर सार्वजनिक भएको छ । निर्माण पक्षले फिल्मका प्रमुख कलाकारलाई स्थान दिँदै माघे संक्रान्तिको अवसर पारेर चारवटा फस्टलुक पोस्टर सार्वजनिक गरेको हो । एक फस्टलुक पोस्टरमा अभिनेत्री रेखा थापा, पुजा शर्मा, बेनिशा हमाल र मुकुन भुषाललाई स्थान दिइएको छ ।

चिया घरलाई पृष्ठभूमिमा राखेर बनाइएको फस्टलुक पोस्टरमा रेखालाई थर्मस र चियाको ग्लास बोकेको देखाइएको छ । फस्टलुक पोस्टरमा अभिनेता मुकुन भुषाल ह्वीलचेयरमा बसेका छन् । उनलाई रेखाले दुई हातले समाएर माया गरेको देख्न सकिन्छ । फस्टलुक पोष्टरको पृष्ठभूमिमा हवाईजहाज र चराहरू पनि छन् ।

अभिनेत्री पुजा खुशी देखिएकी छन् भने बेनिशाले केही भन्न खोजेको देखाइएको छ । अर्को फस्टलुक पोस्टरमा अभिनेता तेज गिरी र अभिनेत्री बेनिशालाई बेहुलाबेहुली लुक्समा देखाइएको छ । जहाँ मुकुन र रेखा तथा समर्पण जंग कार्की र पुजा शर्मालाई पनि अँटाइएको छ । यो फस्टलुक पोस्टर रोमान्टिक भाव लक्षित छ । त्यस्तै अर्को फस्टलुक पोस्टर उपहार शैलीमा निर्माण गरिएको छ ।




फस्टलुक पोस्टरमा रिबन बाँधिएको छ । जहाँ मुकुन भुषाल, रेखा थापा, पुजा शर्मा र बेनिशा हमाललाई खुशी भावमा देखाइएको छ । चौथो फस्टलुक पोस्टरमा अभिनेता मुकुनलाई ह्वील चेयरमा देखाइँदा रेखा कालो चस्मामा आकर्षक देखिएकी छन् । यो फस्टलुक पोस्टरमा फिल्मको गीत 'मुटुको चार आना'मा अभिनय गरेका पुरुष कलाकारहरू निर्मल शर्मा, शिशिर राणा, राजाराम पौडेल र किरण केसी फिचर्ड छन् । त्यस्तै अभिनेत्री पुजालाई हाँसेको र बेनिशालाई मुस्कुराएको भावमा देखाइएको छ । ज्ञानेन्द्र देउजाको निर्देशन रहेको फिल्ममा रेखा थापा प्रस्तुतकर्ता छिन् । रेखा फिल्मस् र कपनगढी सिनेमा प्रालिको ब्यानरमा निर्माण गरिएको फिल्ममा सुलभ प्रतिक देउजा र समीक्षा देउजा निर्माता छन् । फिल्मको कार्यकारी निर्माता बलराम शाही ठकुरी हुन् ।

निर्माण पक्षले यसअघि फिल्मका दुई गीत 'वाह वाह वाह' र 'मुटुको चार आना' बोलका गीत सार्वजनिक गरिसकेका छन् । फिल्ममा रेखा थापा, मुकुन भुषाल, पुजा शर्मा, बेनिशा हमाल, तेज गिरी, समर्पण जंग कार्की, सुष्मा कार्की, अंशु महर्जन र आशा भुषालको अभिनय छ ।

फिल्ममा विष्णु कल्पित घिमिरेको छायांकन, अर्जुन पोखरेल र बाबुल गिरीको संगीत, प्रमोद ढुंगाना शंकर अधिकारी 'घायल' र मुक्त उदासको गीत, मित्र डि गुरुङको सम्पादन, सुलक्षण भारतीको कथा, अभिमन्यु निरवी र माधव शर्माको पटकथा तथा संवाद, अनुपम गौतमको भीएफएक्स र रोशन श्रेष्ठको द्वन्द्व रहेको छ ।फिल्मलाई रिच इन्टरटेनमेन्ट र एफडी कम्पनिले वितरण गर्दैछन् ।

## 'मेरो लागि खजुरे ब्रो लक्की छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** मोडल नीति शाहले फिल्म 'खजुरे ब्रो' आफ्ना लागि लक्की भएको बताएकी छन् । यस अगाडि केही फिल्ममा अनुबन्धित भएपनि अभिनय अवसर नमिलेको बताएकी शाहले 'खजुरे ब्रो'बाट अभिनयमा डेब्यु गर्न पाउँदा निकै खुसी लागेको सुनाइन् ।

'डेब्युका लागि हतारिएर फिल्म रोजेको होइन, यो फिल्मको कथा र टिम सबै मनपरेको छ', शाहले थपिन् । सुरज सुनुवारको निर्देशनमा फिल्म 'खजुरे ब्रो' बन्न लागेको हो । आइतबार राजधानीमा आयोजित एक कार्यक्रममा फिल्म कमेडी जनरामा बन्ने लेखक समेत रहेका निर्देशक सुनुवारले बताए । "खजुरे ब्रो' धरानमा चर्चित व्यक्ति 'खजुरे ब्रो' को नाम र उही क्यारेक्टरमा निर्माण गर्न लागिएको हो', निर्देशक सुनुवारले भने ।

रेयर राई, महेश त्रिपाठी, नीति शाह, नविन मानन्धर, प्रकाश भुजेल, विनीता थापा मगर, सुष्मा निरौला, पुस्कर कार्की, मनिष राउत, प्रेम सुब्बा र सुजाता राई लगायतको मुख्य भूमिका फिल्म रहनेछ । नवीन मानन्धर र सुरज सुनुवारले निर्माण गर्न लागेको फिल्मका कार्यकारी निर्माता डायमन्ड उप्रेती हुन् । शिशिर बिसंखेले छायाङ्कन गर्ने फिल्मको सुटिङ सुरु भएको छ । केहि दिनको काठमाडौँको छायाँकनपछि युनिट धरान प्रस्थान गर्नेछ । अनमोल गुरुङको सङ्गीत रहने फिल्म काठमाडौँ, धरान र दार्जिलिङ छायाङ्कन हुनेछ । फिल्मको सह-निर्माता अनिल मानन्धर र पिकेश मानन्धर हुन् ।



दिव्य दृश्य इन्टरटेन्टमेन्टले निर्माण गर्न लागेको फिल्म इन एसोसियसन विथ मान्द्रो प्रोडक्सन र मल्टी प्रपोज प्रा.लिको सहकार्यमा बन्ने छ ।

## 'महाजात्रा'को 'आहा क्या राम्रो'

**काठमाडौं (प्रस)–** फिल्म 'महाजात्रा'को गीत 'आहा क्या राम्रो' युट्युबमा सार्वजनिक भएको छ । एकनारायण भण्डारीको शब्द, आशिष अविरलको संगीत रहेको गीतमा आशिष र अस्मिता अधिकारीको स्वर छ ।

कविराज गहतराजको नृत्य निर्देशन रहेको गीत डान्सिङ र रोमान्टिक महसुस हुन्छ । गीतमा अरुण क्षेत्री र आश्मा विश्वकर्मासहित फिल्मका शीर्ष कलाकार फिचर्ड छन् ।

विपिन कार्की, रविन्द्रसिंह बानियाँ, रविन्द्र झा, वर्षा राउतसहित कोरस कलाकार गीतमा प्रस्तुत छन् । खुलामञ्चमा छायांकन गरिएको यो गीत डान्सिङ मुड जगाउन सफल देखिन्छ ।



यो मल्टिस्टारर फिल्मको लेखन तथा निर्देशन प्रदीप भट्टराईले गरेका हुन् । षट्कोण आर्ट्सको ब्यानरमा म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेलले फिल्म निर्माण गरेका हुन् । बानियाँ कार्यकारी निर्माता हुन् । फिल्ममा हरिवंश आचार्य, राजाराम पौडेल, अर्जुनजंग शाही, शिशिर बाङ्देल, पुष्कर गुरुङ, प्रकाश घिमिरे, गौमाया गुरुङ, दिव्यदेव, रजनी गुरुङ, सुमन कार्की, प्रवीण खतिवडा लगायतको अभिनय छ ।

जात्रा र जात्रैजात्राको व्यावसायिक सफलतापछि फिल्मको यो तेस्रो श्रृंखला हो । पैसा कमाउन जेसुकै परिस्थितिको सामना गर्न बाध्य मध्यमवर्गको संघर्ष यसमा प्रस्तुत छ । राजनीति र पैसाको नेक्ससको चित्रण पनि यसमा छ । गत साता सार्वजनिक फिल्मको पोस्टरले कथावस्तुबारे दर्शाउँछ । फिल्म चैत ९ गते नेपालसहित अमेरिका, अष्ट्रेलिया र युरोपमा रिलिज हुँदैछ ।

# रंगशाला

**प्रधानमन्त्री कप क्रिकेट**

## सुदूरपश्चिम प्रदेश, आर्मी र एपिएफ विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगितामा नारायण जोशीको अलराउण्ड प्रदर्शनमा सुदूरपश्चिम प्रदेशले लुम्बिनी प्रदेशलाई हराउँदै विजयी सुरुवात गरेको छ । सोमबार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा सुदूरले ५ विकेटले जित निकालेको हो । जितका लागि १ सय ५९ रनको विजयी लक्ष्य पछ्याएको सुदूरपश्चिमले २९ दशमलव ३ ओभरमा ५ विकेट गुमाउँदै लक्ष्य भेट्टायो ।

सुदूरपश्चिमको जितमा शेर मल्लले ४४ बलमा ४ चौका र २ छक्कासहित ४२ रनमा अविजित रहे । त्यस्तै नारायण जोशी ३० बलमा ४ चौकासहित २८ रनमा नटआउट रहे । सुदूरका ओपनर खड्क बोहरा २१, टेक रावत १८, नरेन भट्ट १२ र किरन ठगुन्ना १६ रनमा पेभेलियन फर्किए । बलिङमा लुम्बिनीका अभिषेक गौतमले १० ओभरमा ६० रन खर्चेर ३ विकेट लिँदा कृष्ण कार्की र अजय चौहानको नाममा समान १-१ विकेट रह्यो ।

यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको घरेलु टोली लुम्बिनी प्रदेशले ४८ दशमलव ४ ओभरमा सबै विकेट गुमाउँदै १ सय ५८ रनमा समेटिएको थियो । लुम्बिनीका प्रज्वल थापाले ६८ बलमा ४ चौकासहित सर्वाधिक ४२ रन बनाए पनि अन्य कुनै पनि ब्याटरले राम्रो ब्याटिङ गर्न सकेनन् । ओपनर विराट भण्डारी २३, सम्राट भुसाल ९, मिर्नाल गुरुङ १४, मोहम्मद हुसेन २६ र दिलसाद अली १० रनमा आउट भए । सुदूरपश्चिमका नारायण जोशीले ९.४ ओभरमा १ मेर्डनसहित ३६ रन खर्चेर ३ विकेट लिए । भोजराज भट्ट र नरेन साउदले समान २-२ विकेट लिए । नारायण जोशी प्लेयर अफ दी म्याच भए । लुम्बिनीले पहिलो खेलमा गण्डकी प्रदेशलाई ४ विकेटले हराएको थियो । सुदूरपश्चिको भने यो पहिलो खेल र जित हो । सुदूरपश्चिमले मंगलबार कर्णाली प्रदेशसँग खेल्नेछ । लुम्बिनीले बुधबार कर्णालीसँग खेल्नेछ ।



### रोहितको अलराउण्ड प्रदर्शनमा एपिएफ विजयी

पीएम कपको आफ्नो दोस्रो खेलमा सशस्त्र प्रहरी बलको एपिएफ क्लबले कोशी प्रदेशलाई ६ विकेटले हराएको छ । जारी प्रतियोगितामा एपिएफ क्लबको यो लगातार दोस्रो जित हो ।

दोस्रो खेल खेलेको एपिएफले यसअघि आफ्नो पहिलो खेलमा बागमती प्रदेशलाई ८९ रनले पराजित गरेको थियो । काठमाडौंको मुलपानी क्रिकेट मैदानमा टस हारी पहिले ब्याटिङको निम्तो पाएको कोशी प्रदेशले ४४.३ ओभरमा अलआउट हुनुअघि एक सय ३५ रनमात्र बनाउन सकेको थियो । जवाफी ब्याटिङमा ओर्लिएको एपिएफ क्लबले भने १९.१ ओभरमै केवल चार विकेट गुमाएर विजयलक्ष्य पुरा गऱ्यो । एपिएफको सजिलो जितमा कप्तान रोहित पौडेलले अर्धशतकीय पाली खेले । आक्रामक रूपमा प्रस्तुत भएका उनले केवल ५३ बलको सामना गरी ८० रन बनाए । उनले बलिङतर्फ पनि ३ विकेट लिएका थिए ।

ओपनर ब्याट्सम्यान प्रज्ज्वल शाहीले पनि २२ रनको योगदान गरे । उनले ३२ बलमा तीन चौका प्रहार गरे । अर्का ओपनर आसिफ शेख चार रनमै पेभेलियन फर्किए । सुमित महर्जनले टोलीको खातामा अविजित २० रन थपे । पुरन बीक एक रनमा आउट भए ।

त्यसअघि कोशी प्रदेशका फिरदोष अन्सारीले अर्धशतक बनाए । फिरदोषले टोलीको खातामा ५५ रन थपे । सोनु अन्सारीले पनि २० रन बनाए । कप्तान अंकित सुवेदी केवल १३ रन बनाउँदै पेभेलियन फर्किएका थिए । अर्का ओपनर मिनास थापा भने खाता खोल्नुअघि नै पेभेलियन फर्किएका थिए । आशिष भट्टराई पनि १० रनभन्दा अगाडि बढ्न सकेनन् । सुजन थपलिया नौ रनमा आउट भए । समिर कार्कीले पनि नौ रनमात्र बनाउन सके । एपिएफ क्लबका बलर अविनाष बोहरा र रोहित पौडेलले तीन-तीन विकेट लिए । अमर रौतेलाले पनि दुई विकेट हात पारे । भुवन कार्की र मौसम ढकालले एक-एक विकेट लिए ।

### विनोदको शतकमा आर्मी विजयी

त्यस्तै कप्तान विनोद भण्डारीको उत्कृष्ट शतकको मद्दतले त्रिभुवन आर्मी क्लबले मधेस प्रदेशलाई एक सय २६ रनको विशालअन्तरले हराएको छ । कीर्तिपुरमा भएको खेलमा आर्मीले पहिले गर्दै तीन सय २० रनको विशाल योगफल तयार पारेको थियो ।

जवाफी ब्याटिङमा ओर्लिएको मधेस प्रदेशले भने ४८.४ ओभरमा अलआउट हुनुअघि एक सय ९४ रनमात्र बनाउन सक्यो । मधेस प्रदेशका लागि पवन सर्राफले अर्धशतक बनाए पनि टोलीको जितका लागि त्यो पर्याप्त हुन सकेन । चौथो नम्बरमा क्रिज समाल्न आएका उनले ६५ रन बनाएका थिए ।

त्यस्तै राजेश यादबले पनि टोलीको खातामा अविजित ३२ रन थपे । ओपनर ब्याट्सम्यान मयान यादबले पनि ३४ रनको जोडेका थिए । अर्का ओपनर अनिल शाह भने १२ रनमा आउट भएका थिए । कप्तान हरिशंकर शाह चार रनमै पेभेलियन फर्किएका थिए । रूपेश सिंहले १८ रन जोडे । विशाल पटेलले १७ रन बनाए । मधेस प्रदेशले अतिरिक्त रूपमा केवल आठ रन पाएको थियो ।

विभागीय टोली आर्मीका बलर साहब आलम एक्लैले चार विकेट लिए । उनले १० ओभरमा एक मेडन राख्दै ३७ रन खर्चिएका थिए । सोमपाल कामीले पनि दुई विकेट हात पारे । जितेन्द्र मुखिया र कुशल मल्लले पनि एक-एक विकेट लिए ।

त्यसअघि आर्मी क्लबका लागि कप्तान विनोदले एक सय १३ रनको योगदान गरेका थिए । ओपनर सन्तोष कार्कीले पनि ४२ रन बनाएका थिए । उनले ५४ बलको सामना गरी एक छक्का र दुई चौका हिर्काए । अर्का ओपनर इमरान शेखले पनि २६ रन बनाए । भीम सार्की १८ रनमा पेभेलियन फर्किएका थिए । कुशल मल्लले पनि टोलीको खातामा ३७ रन थपे । उनले ४४ बलमा दुई छक्का र दुई चौका हिर्काए । बिवेक यादबले पनि ३७ रन बनाए । बसिर अहमद १६ रनमा आउट भए । आर्मी क्लबले अतिरिक्त रूपमा पनि १६ रन पाएको थियो । मधेस प्रदेशका बलर रंजित कुमार एक्लैले पाँच विकेट लिए । विशाल पटेलले पनि दुई विकेट हात पारे । रूपेश सिंह र राजेश यादबले पनि एक-एक विकेट लिए ।

**टाइगर कप भलिबलः**

## एपिएफका दुवै टोली विजयी



■ प्रभाव संवाददाता

**पोखरा–** पोखरामा जारी टाइगर कप भलिबल प्रतियोगिताको पुरुषतर्फ सशस्त्र प्रहरी बलको एपिएफ क्लबले विजयी सुरुआत गरेको छ । पोखरा रंगशालामा भएको प्रतिस्पर्धामा नेपाल पुलिस क्लबलाई ३-० को सोझो सेटमा हराउँदै एपिएफले विजयी सुरुआत गरेको हो । एपिएफले २५-१८, ३३-३१ र २५-१७ को सेटमा पुलिसलाई पाखा लगाएको हो । निकै रोमाञ्चक भएको दोस्रो सेटमा पुलिस २४-१८ को स्थितिमा थियो । लगातार अंक बटुलेको एपिएफले २४-२४ को स्थितिमा पुऱ्यायो । त्यसपछि ३१-३१ को बराबरीमा पुग्यो । अन्तिममा एपिएफले लगातार २ स्कोर ल्याउँदै खेल आफ्नो पक्षमा पारेको हो ।

### न्यु डायमण्डको विजयी

सोमबारदेखि पोखरामा सुरु भएको टाइगर कप भलिबल प्रतियोगिताको महिला तर्फको खेलमा न्यु डायमण्डले विजय सुरुआत गरेको छ । त्रिभुवन आर्मी क्लबलाई ३-१ को सेटमा पराजित गर्दै डायमण्डले ३ अंक पाएको हो । २५-२०, २५-१७, २४-२६ र २५-१५ को प्रतिस्पर्धा भएको थियो । यसअघि भएको पहिलो खेलमा पुलिसलाई ३-२ को सेटमा हराउँदै एपिएफ क्लबले जित दर्ता गरेको छ । एपिएफले २ अंक पाएको छ भने पुलिसको १ अंक छ ।

### महिलामा एपिएफको जित

नेपाल एपिएफ क्लबले टाइगर कप महिला भलिबलमा विजयी सुरुवात गरेको छ । सोमबार भएको खेलमा अर्को विभागीय टोली नेपाल पुलिस क्लबलाई ३-२ सेटले हराउँदै पहिलो जित दर्ता गरको हो । एपिएफले लगातार दुई सेट जित्दा तेस्रो र चौथो सेट भने गुमाएको थियो । अन्तिम सेटमा भने बाजि मार्न सफल भयो ।

पहिलो सेटमा २५-१८ को जित निकालेको एपिएफले दोस्रो सेट पनि २५-१८ ले जित्यो । तेस्रो सेटमा पुलिसले २५-१९ ले जित्दा चौथो सेट २५-१८ ले जित्यो । अन्तिम सेटमा एपिएफले १५-१३ को जित निकाल्यो । जितसँगै एपिएफले २ अंक जोडेको छ । पराजित पुलिसको १ अंक छ । खेलको 'प्लेअर अफ दी म्याच' एपिएफकी सरस्वती चौधरी चुनिइन् ।



चीनको दक्षिणपश्चिम चोङकिङ नगरपालिकाको चांगान अटोमोबाइल कम्पनीको वितरण केन्द्रमा पार्क गरिएका नयाँ विद्युतीय सवारीसाधन । *तस्बिरः एएफपी*

# कारागारमा रहेकी इरानी नोबेल पुरस्कार विजेतालाई नयाँ सजाय



**पेरिस–** इरानको एक अदालतले सन् २०२३ को नोबेल शान्ति पुरस्कार विजेता नरगेस मोहम्मदीलाई कारागारमा रहेका बेला इस्लामिक गणतन्त्रविरुद्ध प्रचार गरेको आरोपमा एक वर्षभन्दा बढी कारागार सजाय सुनाएको उनको परिवारले सोमबार बताएको छ ।

मोहम्मदीले बहिष्कार गरेको मुद्दापछि रिभोल्युसनरी अदालतले १५ महिनाको कारागार सजाय सुनाएको परिवारले विज्ञप्तिमा बताएको छ । उनलाई तेहरानबाहिर दुई वर्ष निर्वासनमा बिताउन आदेश दिइएको थियो भने दुई वर्ष भ्रमणमा प्रतिबन्ध र स्मार्टफोनको प्रयोगमा दुई वर्षको प्रतिबन्ध लगाइएको थियो । यी प्रतिबन्ध उनको रिहाइपछि लागू हुने छ ।

परिवारका अनुसार सन् २०२१ मार्चपछि मोहम्मदीलाई यो पाँचौं सजाय हो । यसमा अहिले १२ वर्ष तीन महिनाको कैद, १५४ कोर्रा, दुई वर्षको निर्वासन र विभिन्न सामाजिक तथा राजनीतिक प्रतिबन्ध समावेश छन् ।

परिवारले फैसलाको निन्दा गर्दै भनेको छ, 'यो एउटा 'राजनीतिक वक्तव्य' जस्तो छ, फैसलाले 'उहाँले बारम्बार अराजकता र गडबडी उत्पन्न गर्नका लागि इस्लामिक शासनविरुद्ध सार्वजनिक तथा व्यक्तिगत विचारहरूलाई उक्साउनुभएको र प्रोत्साहित गरेका' आरोपलाई जोड दिएको छ ।'

मोहम्मदीलाई इरानमा मानवअधिकारका लागि उनको अभियानको मान्यतामा सन् २०२३ को नोबेल शान्ति पुरस्कार दिइएको थियो । ओस्लोमा उनका तर्फबाट परिवारले उक्त पुरस्कार ग्रहण गरेको थियो । उनले पछिल्लो दुई दशकको अधिकांश समय कारागारभित्र र बाहिर बिताएका छन् र सन् २०२१ नोभेम्बरमा आफ्नो सबैभन्दा पछिल्लो सजाय काट्न सुरु गरेका छन् ।

यद्यपि तेहरानको एभिन कारगारमा रहेर पनि उनले आफ्नो अधिकारका लागि अभियान सञ्चालन गर्न छाडेका छैनन् । उनले अधिकारीहरूमाथि व्यवस्थित उल्लंघनको आरोप लगाएका छन् र विशेषरूपमा मृत्युदण्डको उनीहरूको प्रयोगको आलोचना गरेका छन् ।

इस्लामिक गणतन्त्र इरानमा अनिवार्य हिजाबको कट्टरविरोधी मोहम्मदीले कारागारभित्र हेडस्कार्फ लगाउने नियमहरूको पनि अवहेलना गरेका छन् । उनका परिवारका अनुसार त्यसैले मोहम्मदीलाई धेरै दण्ड दिइएको छ । उनलाई विशेष रूपमा फोन गर्ने अधिकारबाट वञ्चित गरिएको छ । *रासस/एएफपी*

# सुडानमा युद्धबाट ७४ लाख व्यक्ति विस्थापित

**खार्तुम–** मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसंघीय कार्यालयले सुडानमा युद्धबाट विस्थापित भएका व्यक्तिको संख्या ७४ लाखभन्दा बढी पुगेको जनाएको छ ।

सन् २०२३ अप्रिल १५ मा सुडानी सशस्त्र बल र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेसबीचको लडाइँ सुरु भएदेखि सुडानमा ७४ लाखभन्दा बढी मानिसहरू विस्थापित भएको मानवीय राष्ट्रसंघीय कार्यालयले जनाएको छ ।

गत महिनामा सुडानमा विस्थापित मानिसहरूको संख्या करिब छ लाख ११ हजारले बढेको छ । विस्थापित हुनेमध्ये धेरैजसो गेजिरा र अन्य राज्यहरूबाट भर्खरै विस्थापित भएका व्यक्ति हुन् । बाली उत्पादन क्षेत्रहरूमा एसएएफ र आरएसएफ बीचको लडाइँको विस्तारले मध्य र पूर्वी सुडानमा मानवीय आवश्यकताहरूमा उल्लेखनीय वृद्धि गरेको संयुक्त राष्ट्रसंघीय कार्यालयले जनाएको छ ।

असुरक्षा, लुटपाट, खराब नेटवर्क र फोनको सम्स्या, नगदको अभाव, र सीमित प्राविधिक र मानवीय कर्मचारीहरूले सहायताको वितरणलाई असर गरिरहेको राष्ट्र संघीय कार्यालयले जनाएको छ । सन् २०२४ को आइतबारसम्म सुडानमा मानवीय आवश्यकता र प्रतिक्रिया योजनाका लागि ३.१ प्रतिशत मात्र छुट्ट्याइएको छ । सुडानले १५ अप्रिल २०२४ देखि एसएएफ र आरएसएफबीचको घातक झडपहरू खेपिरहेको छ । युद्धमा अहिलेसम्म बाह्र हजार भन्दा बढी मानिसहरूको मृत्यु भएको संयुक्त राष्ट्रसंघीय कार्यालयले अनुमान गरेको छ । *रासस/सिन्ह्वा*

# ब्राजिलमा आँधीका कारण ११ जनाको मृत्यु

**साओ पाउलो–** ब्राजिलको दक्षिणपूर्वी सहर रियो दि जेनेरियोमा हालै आएको आँधी बेहरीपछि आएको बाढी र पहिरोमा परी कम्तीमा ११ जनाको मृत्यु भएको छ ।

आइतबार बिहान आएको आँधीले सहरको उत्तरी क्षेत्रका साथै छिमेकी नगरपालिकाहरू नितरोय, डुक डे काक्सियास, बेलफोर्ड रोक्सो र साओ जोस डे मेरिटीलाई प्रभावित गरेको स्थानीय अधिकारीले जनाएका छन् ।

बाढीका कारण सयौं मानिसले आफ्नो घर खाली गर्नुपरेको दमकल विभागले जनाएको छ । उनीहरूलाई प्रभावित क्षेत्रबाट सुरक्षित क्षेत्रमा स्थापना गरिएका शिविरहरूमा राखिएको छ । शिविरहरूको व्यवस्थापनको लागि सुरक्षाकर्मीलगायतका विपद् व्यवस्थापन निकायका अधिकारीलाई खटाइएको छ । सहरका मेयर एडुआर्डो पेसले आपत्कालीन स्रोत साधन र बाढीबाट प्रभावित मानिसहरूको हेरचाहका लागि संकटकालीन अवस्थाको घोषणा गरेका छन् । रासस/सिन्ह्वा

# हाइपरसोनिक क्षेप्यास्त्र परीक्षण गरेको उत्तर कोरियाको दाबी

**सोल–** उत्तर कोरियाले हाइपरसोनिक युद्धाभ्यासयुक्त नयाँ ब्यालेस्टिक क्षेप्यास्त्रको सफलतापूर्वक परीक्षण गरेको सोमबार बताएको छ । उक्त परीक्षण दक्षिण कोरियाली र अमेरिकी लक्ष्यहरूलाई धम्की दिनका लागि उन्नत हतियारको खोजीमा पछिल्लो सफलता भएको उसको भनाइ छ ।

प्योङयाङको यस वर्षको पहिलो ज्ञात हतियार परीक्षण र ठोस-इन्धन हाइपरसोनिक मध्यम दूरीको ब्यालेस्टिक क्षेप्यास्त्र (आइआरबिएम) को पहिलो परीक्षण सोलको सेनाले आइतबार दिउँसो पत्ता लगाएको थियो ।

आधिकारिक कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) को संक्षिप्त रिपोर्टले ठोस-इन्धन आइबिआरएमबी हाइपरसोनिक युद्धाभ्यास नियन्त्रित वारहेडयुक्त भएको बताएको छ । परीक्षणको उद्देश्य हतियारको 'ग्लाइडिङ र कौशलता विशेषताहरू' तथा 'नयाँ विकसित बहुचरण उच्च थ्रस्ट ठोस-इन्धन इञ्जिनको विश्वसनीयता' लाई प्रमाणित गर्नका लागि भएको केसिएनएले बताएको छ ।

केसिएनएले आइतबारको प्रक्षेपणबाट कुनै पनि छिमेकी मुलुकको सुरक्षामाथि कुनै असर नगरेको र यसको क्षेत्रीय अवस्थासँग कुनै सरोकार नभएकोसमेत बताएको छ । यद्यपि प्योङयाङले दक्षिण कोरियासँगको मुलुकको तनावपूर्ण सामुद्रिक सीमा नजिकै लाइभ-फायर अभ्यास आयोजना गरेको केही दिनपछि यो परीक्षण भएको छ । यसले जवाफी अभ्यास र केही दक्षिण कोरियाली सीमावर्ती टापुहरूलाई खाली गर्न आदेशलाई प्रेरित गरेको छ ।

गत साता उत्तर कोरियाली नेता किम जोङ उनले सोललाई आफ्नो 'प्रमुख दुश्मन' को संज्ञा दिएपछि र प्रमुख हतियार कारखानाहरूको भ्रमण गर्दा दक्षिण कोरियालाई नष्ट गर्न आफूले कुनै संकोच नमान्ने चेतावनी दिएपछि यस्तो परीक्षण भएको छ ।

सोलको रक्षा मन्त्रालयले प्रक्षेपणको निन्दा गर्दै उत्तर कोरियाले दक्षिणविरुद्ध 'प्रत्यक्ष उत्तेजना' गरेको खण्डमा 'अत्यधिक प्रतिक्रिया' दिने बताएको छ । उत्तर कोरियाको यो व्यवहार स्पष्टरूपमा उत्तेजित पार्ने खालको छ जसले 'ब्यालेस्टिक क्षेप्यास्त्रको प्रयोगमाथि प्रतिबन्ध लगाउने संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्तावको उल्लंघन गर्दछ, साथै हामी कडा चेतावनी जारी गर्दछौं र यसलाई तुरुन्त रोक्न आग्रह गर्दछौं ।'



ठोस-इन्धन क्षेप्यास्त्रहरूलाई लुकाउन सजिलो हुन्छ र यसलाई फायर गर्न छिटो हुन्छ । हाइपरसोनिक क्षेप्यास्त्रहरूले सामान्यतया प्रयोगकर्ताहरूलाई लक्ष्यमा राम्रोसँग हिट गर्नका लागि उडानमा कौशलता देखाउन अनुमति दिन्छ । दुवै प्रविधि लामो समयदेखि मिको उद्देश्यहरूको सूचीमा छन् ।

'उत्तर कोरिया एकै समयमा ठोस इन्धन रकेट बुस्टरको प्रयोग गरेर हाइपरसोनिक क्षेप्यास्त्र तथा आइआरबिएमको विकासका लागि अगाडि बढिरहेको छ,' कोरिया रिसर्च इन्स्टिच्युट फर नेसनल स्ट्राटिजीका क्षेप्यास्त्र विशेषज्ञ चाङ यङ-क्युनले भने, 'मध्यमदेखि लामो दूरीका हाइपरसोकि क्षेप्यास्त्रहरू अमेरिकी क्षेप्यास्त्र प्रतिरक्षा प्रणालीबाट बच्न गुआममा हमला गर्न विशेषरूपमा उपयोगी हुने छन् ।'

उत्तर कोरियाको अन्तिम क्षेप्यास्त्र परीक्षण डिसेम्बर १८ मा ह्वासोङ-१८ ठोस-इन्धन अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र (आइसिबिएम) को थियो । केसिएनएले आफ्नो सोमबारको रिपोर्टका साथ क्षेप्यास्त्र परीक्षणको एउटा तस्बिर पनि जारी गरेको छ जसमा परीक्षणको निरीक्षण गर्न किम उपस्थित भएको उल्लेख गरिएको छैन ।

अमेरिकास्थित विश्लेषक अंकित पाण्डाले विशेषज्ञ साइट एनके न्युजसँग तस्बिरले क्षेप्यास्त्रमा एउटा कथित म्यानुभरेबल रि-इन्ट्री वाहन (एमआरभी) पनि देखाएको बताए । उनका अनुसार प्योङयाङले उन्नत सटिकता र क्षेप्यास्त्र प्रतिरक्षालाई 'राम्रोसँग आरपार गर्ने' क्षमतायुक्त हतियार विकसित गर्ने प्रयास गरिरहेको छ ।

गत वर्ष किमले संविधानमा आणविक शक्तिका रूपमा मुलुकलाई स्थायी हैसियतमा पुर्‍याएपछि र उन्नत आइसिबिएमको परीक्षण गरेपछि दुवै कोरियाबीचको सम्बन्ध दशकौंमा सबैभन्दा तल्लो स्तरमा पुगेको छ ।

यसैबीच परम्परागत सहयोगी रुस र उत्तर कोरियाले हालै सम्बन्धलाई बढाएका छन् । किमले सेप्टेम्बरमा रुसको सुदूरपूर्वमा राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेट गर्न एउटा दुर्लभ विदेश भ्रमण गरेका थिए । मस्कोका रक्षा तथा विदेशमन्त्रीसहित वरिष्ठ रुसी अधिकारीहरूले पनि गत वर्ष उत्तर कोरियाको भ्रमण गरेका थिए । दुवैतर्फको भ्रमणबाट सम्भावित हतियार सम्झौताको सम्भावनामाथि किभका सहयोगीहरूबीच चिन्ता बढेको थियो ।

केसिएनएको रिपोर्टअनुसार सोमबार विदेशमन्त्री चो सोन हुईको नेतृत्वमा उत्तर कोरियाली सरकारको एक प्रतिनिधिमण्डल आधिकारिक भ्रमणका लागि मस्को पुगेको छ । गत वर्ष प्योङयाङले एउटा जासुसी उपग्रह सफलतापूर्वक अन्तरिक्षकक्षमा स्थापना गरेको थियो । *रासस/एएफपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH KHALED AL HINDI TRANSPORT CORPORATION

पुर्व स्वीकृति मिति २०८०/०८/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०१ | LT. No. 295227 | चलानी नं. ६०२१०२०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 6 | 0 | 1800 | ६३,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ९ गते (23rd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KIEN INTERNATIONAL SERVICES

पूर्व स्वीकृति मिति २०८०/१०/०१ | LT. No.298071 | चलानी नं. ६०२१२९९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 5 | 0 | 1500 | ५४,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 30 | 30 | 1000 | ३६,४५० | | | | | | | |
| 3 | Guard | 8 | 0 | 1500 | ५४,६७५ | | | | | | | |
| 4 | Labour | 30 | 0 | 1000 | ३६,४५० | | | | | | | |
| 5 | Painter | 5 | 0 | 1200 | ४३,७४० | | | | | | | |
| 6 | Supervisior | 5 | 0 | 2500 | ९१,१२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ९ गते (23rd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BLUE LINK PLACEMENT SOLUTION PVT.LTD** — श्रम ईजाजत नं. १५४७/०७८/०७९
Airport, Kathmandu, Nepal Tel No. +977-01-5913225, 5913226
Email : admin@ bluelinkplacement.com, bluelink434@gmail.com, Web: bluelinkplacement.com

## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BERKELEY SECURITY SERVICES & BUILDING CLEANING (BR.OF BERKELEY SERVICES LLC)

पूर्व स्वीकृति मिति २०७८/१२/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८०/१०/०१ | LT. No. 259690 | चलानी नं. ६०१७६४२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 2 | 800 | २८,७८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard | 25 | 0 | 1200 | ४३,१७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः झापा, बिर्तामोड, सि.पि. होटलमा मितिः २०८० माघ ११ गते (25th Jan. 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः कास्की, पोखरा, बाजेको सेकुवामा मितिः २०८० माघ १२ गते (26th Jan. 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १३/१४ गते (27/28th Jan. 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No. 1102/073/074

**(डि. के. रिभर ओभरसिज प्रा.लि)**
**DK RIVER OVERSEAS (P.) LTD.**
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PK FOR MEDICAL AND LABORATORY EQUIPMENT REPAIRING EST.

पूर्व स्वीकृति मिति २०८०/१०/०१ | LT. No. 298094 | चलानी नं. ६०२१३००९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 2 | 1600 | ५७,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Accounts Manager | 0 | 1 | 2000 | ७२,२६० | | | | | | | |
| 3 | Commercial Sales Representative | 7 | 1 | 1500 | ५४,१९५ | | | | | | | |
| 4 | Data Entry Clerk | 3 | 1 | 1200 | ४३,३५५ | | | | | | | |
| 5 | Information Clerk | 3 | 0 | 1200 | ४३,३५५ | | | | | | | |
| 6 | Medical Sales Representative | 7 | 0 | 1200 | ४३,३५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ ९ गते (23rd Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9844078232, 9844078232
9823810701, 9746850593 E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११९५०० | प्रति तोला – ११८९५० | प्रति तोला – १४२० |

कर्पोरेट

## ज्योति विकास बैंकको १६औं वार्षिक साधारणसभा सम्पन्न




**काठमाडौं (प्रस)–** ज्योति विकास बैंकको १६औं वार्षिक साधारण सभा मिति २०८० पुष २९ गते आइतबार नक्साल, काठमाडौंमा बैंकका सञ्चालक समितिका अध्यक्ष हरि चन्द्र खड्काको अध्यक्षतामा सम्पन्न भएको छ । वार्षिक साधारण सभामा भौतिकका साथै अनलाइन (भर्चुअल) प्रविधिमार्फत सहभागी हुने व्यवस्था गरे बमोजिम शेयरधनी महानुभावहरूले आफ्नो अनुकुल अनुसारको माध्यमबाट उपस्थिति जनाएका थिए ।

उक्त साधारण सभाले बैंकको आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्नुका साथै लेखा परीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्नुका साथै बैंकको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने प्रस्ताव समेत पारित गरेको छ ।

साथै, साधारणसभाले ज्योति विकास बैंक लि. को सर्वसाधारण शेयरधनी समुह तर्फबाट प्रतिनिधित्व गर्ने महिला सञ्चालक पदमा मन महर्जनलाई आगामी ४ वर्षको लागि निर्विरोध निर्वाचित गरेको छ । सभाले बैंकको आ.व. २०८०/८१ को लेखापरिक्षण गर्न लेखा परीक्षक नियुक्ति गर्नुको साथै बैंकको सहायक कम्पनी ज्योति क्यापिटल लि. को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण उपर छलफल गरी पारित गरेको छ। साधारण सभामा बैंकका अध्यक्ष हरि चन्द्र खड्काले वार्षिक प्रतिवेदन संक्षिप्तमा प्रस्तुत गरेका थिए ।

## समृद्धि फाइनान्सको २२औं साधारणसभा सम्पन्न



**काठमाडौं (प्रस)–** समृद्धि फाइनान्स कम्पनी लिमिटेडको २२ औं साधारणसभा सम्पन्न भएको छ । मकवानपुरको हेटौंडास्थित होटेल एभोकाडोमा भएको साधारणसभाले रिक्त रहेको सञ्चालकपदमा रामकुमार बर्तौलालाई नियुक्त गरेको छ । उनी पद्मोदय प्रालिको प्रतिनिधित्व गर्दै संस्थापक समुहबाट निर्वाचित भएका हुन् ।

सञ्चालक समितिका अध्यक्ष ठाकुर प्रसाद भट्टराईको अध्यक्षतामा सम्पन्न साधारणसभाले सञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने अघिल्लो आ.व.को वार्षिक प्रतिवेदन पारित गर्ने, वासलात, नाफा नोक्सान र नगद प्रवाह विवरण माथि छलफल गर्ने, आ.व.२०८०/ ८१ लागि बाह्य लेखापरिक्षक नियुक्तिगर्ने लगायतका एजेन्डाहरूमा छलफल सहितपारित गरेको छ। साधारण सभामा अध्यक्षले सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । उक्त प्रतिवेदन उपर सहभागी भएका सेयरधनीहरूबाट सल्लाह, सुझाव र जिज्ञासाहरूलाई सञ्चालक समितिका अध्यक्ष र प्रमुखकार्यकारी अधिकृतले स्पष्ट पारेका थिए । नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको समृद्धि फाइनान्स कम्पनी लिमिटेडले हाल १३ वटा शाखाहरू मार्फत कारोबार गर्दै आएको छ भने आर.टि.जि.एस, आइपीएस, कनेक्ट आइपीएस, रेमिटान्स, क्लियरिङ्गलगायतका बैंकिङ्ग र मोवाइल बैंकिङ्ग, डेबीट कार्ड, क्यू.आर कोड जस्ता डिजिटल सुविधाहरू प्रदान गरिरहेको छ ।

## ग्लोबलको वार्षिकोत्सवमा स्वास्थ्य शिविर




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १७औं वार्षिकोत्सवको अवसरमा बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कोशी प्रदेशमा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ। बैंकले शनिवार इलाम जिल्ला इलाम नगरपालिका वडा नं. ४ स्थित मलाटे आधारभुत स्वास्थ्य चौकीमा १६० भन्दा बढि महिलाहरूको स्वास्थ्य चेकजाँच गरी स्थानिय महिलाहरूलाई प्रत्यक्षरूपमा लाभान्वित गरेको हो । नेपाल परिवार नियोजन संघसँगको सहकार्यमा सञ्चालित उक्त शिविरमा स्त्रीरोग विज्ञहरूले स्त्रीरोगसम्बन्धी विभिन्न सेवाहरू नि:शुल्क रूपमा उपलब्ध गराएको हो ।

प्रत्येक शिविरबाट पाठेघरको क्यान्सरको प्रारम्भिक लक्षण पत्ता लागेका र पाठेघरको क्यान्सरको गम्भीर बिरामी पहिचान गरेको छ, जसलाई स्वस्थ नारी पहल कार्यक्रमको दोस्रो चरणमा शल्यक्रिया गरी उपचार गर्नेछ। यससँगै ग्लोबल आइएमई बैंक लिमिटेडले १७औं वार्षिकत्सवको अवसरमा सम्पूर्ण प्रदेशहरूमा नि:शुल्क स्वास्थ्य शिविर संचालन गरी १,२५० भन्दा बढि महिलाहरूको स्वास्थ्य चेकजाँच सेवा उपलब्ध गराएको हो ।

ग्लोबल आइएमई बैंक मुलुकका सबै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो तथा वित्तीय सूचक अनुसार मुलुककै सबैभन्दा ठुलो बैंक वाणिज्य बैंक हो । देशका ७७ वटै जिल्ला तथा तीन अन्तर्राष्ट्रिय सम्पर्क/वैदेशिक प्रतिनिधि कार्यालय सहित १,१०० भन्दा बढी सेवा केन्द्रबाट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंकलाई सबैंका लागि बैंक बनाउँदै विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ । त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

## आइसिएफसीको २०औं साधारणसभा सम्पन्न




**काठमाडौं (प्रस)–** आइ.सि.एफ.सि.फाइनान्स लिमिटेडले आफ्नो बीसौं वार्षिक साधारण सभा आइतबार सम्पन्न भएको छ । उक्त साधारण सभाबाट आर्थिक वर्ष २०७९/८०को मुनाफाबाट चुक्ता पूँजीको ६.५ प्रतिशत नगद लाभांशदिने प्रस्ताव सर्वसम्मतबाट पारित गरेको छ। वार्षिक साधारण सभाले आर्थिक वर्ष २०८०/८१ को लागि बाह्य लेखापरीक्षकमा एन.अमात्य एण्ड कं. चार्टर्ड एकाउन्टेन्टस्लाई नियुक्त गरेको छ । सर्वसाधारण समुहबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा टंकराम गौतम, हेमशिखा जोशी गर्ग र सफल भट्टराई आगामी चार (४) वर्षको लागी निर्विरोध निर्वाचित भएका छन् । चुक्तापूँजी रु.एकअर्ब अठार करोड चौतीसलाख रहेको यस फाइनान्सले हालसम्म आफ्नो २१ वटा शाखा तथा १ एक्सटेन्सन काउन्टर र २१ वटा ए.टि.एम. मार्फत १ लाखभन्दा बढी ग्राहकलाई अत्याधुनिक प्रविधि मार्फत बैकिङ्ग सेवा दिदै आएको छ ।

## हिमालयन बैंकको ३१औं साधारणसभा सम्पन्न




**काठमाडौं (प्रस)–** हिमालयन बैंक लिमिटेडको ३१ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । बैंक संचालक समितिका अध्यक्ष प्रचण्ड बहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त साधारण सभाले बैक तथा यसका सहायक कम्पनीहरू सहितको एकिकृत वित्तीय विवरण पारित गरेको छ । सभामा संचालक समितिको तर्फबाट अध्यक्ष श्रेष्ठले आर्थिक वर्ष २०७९/०८० को प्रतिवेदन प्रस्तुत गरेका थिए ।

उक्त साधारण सभाले बैंकले आफ्नो कुल शेयर पुंजीमा आवश्यक सर्वसाधारण शेयरधनी शेयर अनुपात कायम गर्नका लागि अङ्कित मुल्यमा प्रिमियम थप गरी साधारण शेयर थप सार्वजनिक निष्काशन (एफपीओ) गर्ने तथा उक्त थप सार्वजनिक निष्काशनको संख्या निर्धारण गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरेको छ । उक्त सभामा हिमालयन बैंकको संचालक समितिमा संस्थापक शेयरधनीबाट प्रतिनिधित्व गर्ने ५ जना संचालक पदमा प्रचण्ड बहादुर श्रेष्ठ, फरहान तलिव, जितेन्द्र धिताल, सुनिल बहादुर थापा र प्रतापजंग पाण्डे र सर्बसाधारण शेयरधनीको तर्फबाट आशिष शर्मा निर्विरोध निर्वाचित भएका थिए ।

## महिला सहकारीको साधारणसभा सम्पन्न

**काठमाडौं (प्रस)-** महिला सहकारी संस्था लि.को साधारणसभा सम्पन्न भएको छ । आइतबार बसेको संस्थाको २८ औं वार्षिक साधारण सभाले आ. व. २०७९/८० को नाफाबाट शेयरधनी सदस्यहरूलाई चुक्ता पूँजीको १८ प्रतिशत लाभांश दिने निर्णय गरेको छ। संस्थाले आर्थिक वर्ष २०७९/८०मा रु. २९ करोड ५० लाख ३२ हजार कुल आम्दानी र रु.१९ करोड ८८ लाख ४२ हजार कुलखर्च गरी रु. १९ करोड ६१ लाख ९१ हजार संचालन नाफाआर्जन गरेको छ । सो नाफाबाट संस्थाले यस वर्ष आयकरबापत १ करोड १८ लाख १९ हजार सरकारलाई बुझाएको छ ।

यस संस्थाले प्रस्तुत आर्थिक वर्ष २०७९/८० मा रु. १ अर्ब १७ करोड ३५ लाख ८३ हजार निक्षेप संकलन गरी रु. १ अर्ब ५७ करोड ९ लाख ९७ हजार कर्जा लगानी गरेको छ। यस संस्थाले काठमाडौं उपत्यकामा सीमित बैंकिङ कारोबार संचालन गर्नुको साथै विपन्न महिलाहरूको लागि लघुवित्त कार्यक्रम संचालन गरी सामूहिकजमानीमा बिनाधितो ऋण प्रदान गरी गरिब तथा विपन्न महिलाहरूलाई लघु वित्त सेवा प्रदान गर्दै आएको छ। साधारणसभा संस्थाकी अध्यक्ष इल्या भट्टराईको सभापतित्वमा सम्पन्न भएको थियो। उक्त अवसरमा भट्टराईले प्रतिवेदन पेश गरेकी थिइन् भने लेखा सुपरिवेक्षण समितिकी संयोजक पूर्णलक्ष्मी मानन्धरले कारोबार विवरण पेश गरेकी थिइन् ।

# 'मेला-महोत्सव अर्थतन्त्र सुधारको संकेत'




■ प्रभाव संवाददाता

**अर्घाखाची–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अघिल्लो वर्ष निजी क्षेत्र सङ्कटमा रहेकामा यस वर्ष क्रमश: सुधार आई उद्यमी व्यवसायीमा उत्साह सञ्चार भएको बताएका छन् । नेपाल पत्रकार महासङ्घ अर्घाखाँचीद्वारा सन्धिखर्कमा सोमबार आयोजित 'आर्थिक विकास, पर्यटन प्रवर्द्धन, स्थानीय रोजगारीका लागि अर्घाखाँची पर्यटन प्रवर्द्धन कार्यक्रम'लाई सम्बोधन गर्दै प्रधानमन्त्रीले अघिल्लो वर्ष आर्थिक सङ्कटका कारण सार्वजनिक मेला-महोत्सव विरलै हुने गरेकामा यस वर्ष अभियानकै रूपमा महोत्सवहरू आयोजना हुनु अर्थतन्त्र सुधारका दृष्टिले शुभसङ्केत भएको बताए ।

प्रधानमन्त्रीले भने, 'अघिल्लो वर्ष यस्ता मेला-महोत्सव विरलै आयोजना हुन्थे तर यस वर्ष अभियानकै रूपमा मेला हुन थालेका छन् । विश्व बैङ्कलगायत अन्तरराष्ट्रिय वित्तीय संस्थाले पनि नेपालको अर्थतन्त्रमा क्रमश: सुधार आएको जनाएका छन् । हाम्रा लागि यो शुभसङ्केत हो ।' उनले उद्योगी-व्यवसायीहरूलाई उत्साही भएर काम गर्न आग्रह गरे ।

देश र जनताका पक्षमा काम गर्न मन्त्रीहरूलाई निर्देशन दिएको बताउँदै प्रधानमन्त्रीले कार्य सम्पादनमा कमजोर हुने मन्त्रीलाई हटाउने चेतावनी पनि दिए । प्रधानमन्त्रीले अर्घाखाँचीको सिद्धारा-जलुके क्षेत्रमा जनयुद्धकालमा आफू हिँडेको स्मरण गर्दै यस क्षेत्रको पर्यटकीय विकासका निम्ति आफू सकारात्मक रहेको बताए । उनले अर्घाखाँचीको विकासमा संघीय सरकारले प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्दै जिल्लाको विकासप्रति स्थानीय राजनीतिक दलमा देखिएको एकता र सहकार्यको सराहना गरे ।

प्रधानमन्त्रीले भने, 'गोरुसिङ्गे-सन्धिखर्क सडक निर्माणका निम्ति आवश्यक बजेटको प्रबन्धका साथै गच्छे-भालुवाङ सडकलगायत रणनीतिक परियोजनाहरू सम्पन्न गर्न सङ्घीय सरकारको सहयोग रहनेछ । सन्धिखर्क-शीतगङ्गा र भूमिकास्थान नगरपालिका तथा मालारानी-छत्रदेव र पाणिनी गाउँपालिकाको विकासका निम्ति सङ्घीय सरकारले ध्यान दिनेछ ।'

अर्थतन्त्रलाई चलायमान बनाउन आफू नेतृत्वको सरकारले भरमग्दुर प्रयास गरिरहेको स्पष्ट गर्दै प्रधानमन्त्रीले भने, 'जतिबेला मैले सरकारको नेतृत्व लिएको थिएँ, त्यतिबेला अर्थतन्त्र निकै चुनौतीपूर्ण अवस्थामा थियो । निर्वाचनबाट आएको त्रिशंकु संसद्ले राजनीतिक स्थायित्व दिने नदिनेमा निकै ठूलो संशय थियो तर एक वर्षको अनवरत प्रयासबाट देश र जनतासामु विद्यमान चुनौती सम्बोधन हुँदै गएका छन् ।'

प्रधानमन्त्रीले विदेशी मुद्राको सञ्चितिमा प्रगति भएको, पर्यटक आगमनमा वृद्धि भएको, बैङ्कको ब्याज कटौती गरिएको, सहकारी र लघुवित्तका समस्या सम्बोधन भएका, भुक्तानी सन्तुलन, विप्रेषण वृद्धिका साथै शिथिल भएको उद्योग-व्यवसाय क्षेत्र क्रमश: चलायमान हुन थालेको बताए । विश्व बैङ्कलगायत अन्तरराष्ट्रिय सङ्घसंस्थाले नेपालको अर्थतन्त्रमा क्रमश: सुधार आएको तथा सन् २०२४ मा थप प्रगति हुने प्रक्षेपण गरेको बताउँदै प्रधानमन्त्री दाहालले एक वर्षको अवधिमा सामाजिक न्याय, सुशासन र समृद्धि प्राप्तिका निम्ति काम भएका उल्लेख गरे ।

बजेट अर्धवार्षिक समीक्षा

# आम्दानीभन्दा खर्च बढी

## ४८ अर्ब ४६ करोड बजेट घाटा

**काठमाडौं–** आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक समीक्षा अवधिमा सरकारको आम्दानीभन्दा खर्च बढी भएको देखिएको छ । पुस मसान्तसम्ममा मुलुकले रु ४८ अर्ब ४६ करोड ५७ लाख बराबर बजेट घाटा व्यहोरेको छ । महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार बजेटको अर्धवार्षिक समीक्षा अवधिमा वार्षिक लक्ष्यको ३५ दशमलब १९ प्रतिशत आम्दानी र ३२ दशमलब ३५ प्रतिशत खर्च भएको छ ।

चालु आवका लागि सरकारले कूल रु १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख बराबर राजश्व उठाउने लक्ष्य लिएको छ । कार्यालयको तथ्याङ्कअनुसार पुस मसान्तसम्ममा रु पाँच खर्ब १८ अर्ब १५ करोड ५६ लाख बराबर राजश्व असुली भएको छ । यो वार्षिक लक्ष्यको ३५ दशमलव १९ प्रतिशत बराबर हो । छ महिनामा कर राजश्वतर्फ ३३ दशमलव ९८ प्रतिशत अर्थात् रु चार खर्ब ४३ अर्ब ५५ करोड २० लाख उठेको छ । गैरकरतर्फ वार्षिक लक्ष्यको ४५ दशमलव २३ प्रतिशत अर्थात् रु ५२ अर्ब ९४ करोड ७८ लाख बराबर असुली भएको छ ।

चालु आवका लागि कूल रु ४९ अर्ब ९४ करोड ३० लाख बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखिएकामा हालसम्म पाँच दशमलव ५२ प्रतिशत अर्थात् रु दुई अर्ब ७५ करोड ८० लाख बराबर वैदेशिक अनुदान लिइएको छ । चालु आवका लागि कूल रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको वार्षिक बजेट रहेकामा पुस मसान्तसम्ममा रु पाँच खर्ब ६६ अर्ब ६२ करोड १३ लाख खर्च भएको छ । यो वार्षिक लक्ष्यको ३२ दशमलव ३५ प्रतिशत बराबर हो । चालुगत शीर्षकमा कूल रु ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख बराबर बजेट छुट्याइएकामा ३८ दशमलव ३१ प्रतिशत अर्थात् रु चार खर्ब ३७ अर्ब ३८ करोड १२ लाख खर्च भएको छ । चालु शीर्षकमा हालसम्म भएको खर्च वार्षिक लक्ष्यको ३८ दशमलव ३१ प्रतिशत हो ।

त्यसैगरी, पुँजीगत खर्च शीर्षकमा रु तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख बराबर छुट्याइएकामा १६ दशमलव तीन प्रतिशत अर्थात् रु ४९ अर्ब २३ करोड ५८ लाख बराबर खर्च भएको छ । वित्तीय व्यवस्थामा रु तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर बजेट विनियोजन भएकामा २६ दशमलव दुई प्रतिशत अर्थात् रु ८० अर्ब ४३ लाख बराबर खर्च भएको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ